"बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरौं, बालबालिकामा लगानी गरौं"

# बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका २०७७



N-CFLG Forum
For the Children

World Vision

नेपाली जुटौं
बाल विवाह रोकौं

"बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरौँ, बालबालिकामा लगानी गरौँ"

# बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका २०७७

N-CFLG Forum
For the Children

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च

World Vision

नेपाली जुटौं
बाल विवाह रोकौं

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

## बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका २०७७

**लेखन तथा सम्पादन**

**समूह नेतृत्वकर्ता :** राजेश शर्मा
निरजन भट्ट
हरिबोल आचार्य
अशोक शर्मा

**समपदन सल्लाकार :** तिलोत्तम पौडेल
श्याम अधिकारी
मविन घले

**सम्पादन सहयोगी :** सुमिक्षा खड्का
**भाषा सम्पादन :** देबकी आचार्य
**प्रकाशन प्रति :** ५००/२०७७
**डिजाइन :** **इकिगाई टेक्नोलोजी** (९८४१३०२७०५)

# यस पुस्तकको बारेमा

बालबालिका हाम्रो समाजका विशेष उमेर समूह हुन् । राज्यलाई समुन्नति र दिगो विकासको लक्ष्यमा अग्रसर गराउन बाल्यावस्थामा विशेष ध्यान पुऱ्याउन जरुरी हुन्छ। यसै सन्दर्भमा बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर्न संयुक्त राष्ट्र संघको महासभाबाट बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ नोभेम्बर २० मा पारित भयो । जसलाई नेपालले १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरी आफ्नो प्रतिबद्धता जनायो। २०७२ सालमा जारी भएको नेपालको संविधानले पनि पहिलोपटक बाल अधिकारलाई मौलिक हकको रूपमा अङ्गिकार गरेको छ । यस क्षेत्रमा थप गतिशील र अपेक्षाकृत उपलब्धि हासिल गरी बालबालिकाको मुद्धालाई शासकीय संरचानामा संस्थागत गर्ने बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयनमा ल्याएको छ ।

यस रणनीतिमा तय गरिएका सूचकहरूलाई आत्मसाथ गर्दै केहि स्थानीय तहहरू बालमैत्री घोषणा भएका छन् भने केहि हुने क्रममा छन् । बालमैत्री अवधारणा अगाडि बढिरहदा यो क्षेत्रमा क्रियाशील नागरिक संघ-संगठनहरूको पहलमा बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको स्थापना भयो। सन् २०१७ मा स्थापना भएको यस सञ्जालमा विगतमा बालक्लवमा रहेर बालअधिकारका क्षेत्रमा क्रियाशील युवाहरू आवद्ध रहेका छन् । सञ्जालले बालमैत्री स्थानीय शासनलाई देशभरनै विस्तार गर्न भूमिका खेलिरहेको छ । तीन तहको सरकार गठन भएसँगै केही सुस्ताएको बालमैत्री अभियान पुनःसक्रिय भएको छ । परिवर्तित सन्दर्भमा केही संशोधन गर्नका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति मन्त्रि-परिषद्मा विचाराधिन अवस्थामा छ । सबै सरोकारवाला पक्षहरूको पहलमा पारित हुने कुरामा यस सञ्जाल विश्वस्त छ ।

यसै सन्दर्भमा बाल अधिकार, बाल मैत्री स्थानीय शासन र बाल सहभागिताका क्षेत्रहरूमा स्थानीय सरोकारवाला तथा बालमैत्री स्थानीय शासन प्रबर्द्धन गर्न क्रियाशील रहनुभएका सामाजिक अभियन्ताहरूका लागि बालमैत्रीको विषयमा थप प्रष्ट पार्ने ध्येयका साथ यो संक्षिप्त जानकारी पुस्तिका प्रकाशन गरिएको हो । यस पुस्तकमा बाल अधिकार, बाल मैत्री स्थानीय शासनको अवधारणा, सूचकहरू, संरचनागत व्यवस्था, योजना तर्जुमा प्रक्रिया र बाल भेला लगायतका विषयवस्तुहरू समेटिएका छन् ।

यो पुस्तक तयार गर्ने क्रममा लेखन कार्य गर्नुहुने राजेश शर्मा, हरिवोल आचार्य, अशोक खनाल र निरजना भट्ट प्रति हार्दिक आभार व्यक्त गर्दछौं । पुस्तकको तयारीका क्रममा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने, भाषा सम्पादनका दृष्टिकोणबाट सहयोग गर्नुहुने देबकी आचार्य, पुस्तक सम्पादनलाई सुझाव प्रदान गर्ने वर्ल्डभिजन इन्टरनेशनल नेपालका श्याम अधिकारी, मविन घले, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चकी कार्यक्रम अधिकृत सुमिक्षा खड्का र प्रकाशनमा सहयोग गर्नुहुने वर्ल्ड भिजन इन्टरनेशनल नेपाल लगायत यस पुस्तकको प्रकाशनका क्रममा योगदान गर्नुहुने सबै प्रति विशेष आभार तथा धन्यवाद व्यक्त गर्दछौं ।
यो पुस्तिकाले बालमैत्री स्थानीय शासन प्रबर्द्धनमा केही योगदान पुग्ने अपेक्षा गर्दै यहाँको सुझावलाई यस मञ्चले सधै आत्मसाथ गर्दै अगाडि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

**तिलोत्तम पौडेल**
संयोजक
बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च

# यस भित्र


१. बाल अधिकार र कर्तव्य

२. बालबालिकामा लगानी किन

३. बाल सहभागिता

४. बालमैत्री स्थानीय शासन अवधारणा

५. बालमैत्री स्थानीय शासनको लक्ष्य र उद्देश्य

६. बालमैत्री स्थानीय शासनको आवश्यकता

७. बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत व्यवस्था

८. बालमैत्री स्थानीय शासनको अवलम्बन

९. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण

१०. बालमैत्री स्थानीय तह घोषणा

११. बालमैत्री स्थानीय शासनका सूचकहरू

१२. बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यन्वयन र घोषणाका क्रममा ध्यान दिनुपर्ने पक्षहरू

१३. बालक्लवको अवधारणा र परिचालन

१४. स्थानीय योजना तर्जुमा प्रक्रिया र बाल भेला

१५. सरोकारवालाको भूमिका

१६. बाल मैत्री शासनका उपलब्धि र प्रतिफलहरू

१७. बालमैत्री स्थानीय शासन घोषणा पछि निरन्तरताका लागि गरिनुपर्ने कार्यहरू

१८. नेपालमा बाल मैत्री स्थानीय शासनका सिकाइ तथा चुनौतिहरू

१९. हालसम्म बालमैत्री घोषणा भएका स्थानीय तहहरू

## १. बालअधिकार र कर्तव्य

२०७२ सालमा जारी भएको नेपालको संविधान, बाल अधिकार सम्बन्धी ऐन, २०७५ र बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अनुसार आमाको गर्भमा आएको दिनदेखि १८ वर्ष सम्मका मानव जातिलाई बालबालिका भनिन्छ। कुनै पनि बालबालिकालाई आमाको गर्भमा आएदेखि नै भेदभाव रहित ढङ्गबाट, सुरक्षित रूपमा विकास हुन पाउने र सुरक्षित रूपमा आमाको दूध, पोषणयुक्त खाना, खोप, स्याहार लगायत शिक्षा, स्वास्थ्य खेल, मनोरञ्जन, आराम, बाँच्नका लागि हौसला सहित् नभई नहुने कुराहरू प्राप्त गर्न पाउनु पर्छ। यसै गरी भेदभाव, तिरस्कार, श्रम शोषण, हेला, दुर्व्यवहार, यौन शोषण, बलात्कार, हिंसा, पिटाई, अपहेलना, बेचबिखन, अपहरण, कूलत, विभेद, वेवास्ता, बालविवाह लगायतका कुराहरूबाट संरक्षित भई बाच्न पाउनु उनीहरूको अधिकार हो। सबै बालबालिकाले एकै प्रकारको वातावरणमा हुर्किन त पाएका हुदैनन् तर परिवार तथा समाजबाट आ-आफ्नो क्षमता र अवस्था अनुसार प्राप्त स्रोत साधनको उपयोग गरेर हुर्काउनु र बालबालिकाको आधारभूत आवश्यकतालाई पूरा गर्नु नै बाल अधिकार हो।

संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धिका ५४ वटा धाराहरू मध्ये चारवटा धारामा बालअधिकारका चार मुख्य सिद्धान्त उल्लेख गरिएको छ। त्यसैका आधारमा बालबालिकाले आफ्नो अधिकारको उपभोग गर्न पाए नपाएको विषयमा निर्क्यौल गर्न सक्छन्। ती सिद्धान्तहरू यस प्रकार रहेका छन्ः-

- विना भेदभाव (धारा २)
- बाँच्न र विकास गर्न पाउने अधिकार (धारा ३)
- सर्वोत्तम हित (धारा ६)
- विचार र भावनाको कदर (धारा १२)

### बाँच्न पाउने अधिकार :

- दीर्घ जीवन जन्मसिद्ध अधिकार
- सुरक्षित जन्म
- खोप तथा स्वास्थ्य स्याहार
- पोषणयुक्त खाना
- सफा पानी
- गर्भवती महिलालाई विशेष स्याहार आदि

### संरक्षणको अधिकार

- बालविवाह, भेदभाव, दुर्व्यवहार, विभेद, उत्पिडन्, हेला, अपमान, कुटपिट, यातना, यौन तथा श्रम शोषण, हानिकारक प्रथा, हानिकारक काम, युद्ध, बेचबिखन, ओसारपसार, कुलत लागुपदार्थ

एसिड आक्रमण, बलात्कार, अभिभावक नभएका, अपाङ्गता भएकाहरूलाई विशेष स्याहार आदिबाट संरक्षण,

- कानूनी संरक्षण आदि

## विकासको अधिकार

- स्वच्छ वातावरणमा असल शिक्षा
- खेल र मनोरञ्जन
- आराम
- शारीरिक, मानसिक, नैतिक र सामाजिक विकासका अवसरहरू
- माया ममता, उचित मार्गदर्शन र
- राम्रो पारिवारिक वातावरण

## सहभागिताको अधिकार

- सामाजिक क्रियाकलापमा भागलिन पाउनुपर्ने,
- जीवनका हरेक पक्षमा स्वतन्त्रपूर्वक सहभागी हुन पाउनुपर्ने,
- रचनात्मक कार्यहरूमा सहभागिता,
- जीवनका बारेमा सोच्ने, निर्णय लिने र केही गर्ने अधिकार,
- संघ-संस्था खोल्न तथा सहभागी हुन पाउने अधिकार,
- आस्था अनुसारको धर्ममा संलग्नता,
- बालबालिकाको विचार र भावनाको कदर गरिनुपर्ने ।

आमाको गर्भबाट यस संसारमा जन्मेपछि बालबालिकाको जन्मदर्ता गर्न पाउने पहिलो र नैंसर्गिक अधिकार हो ।

अधिकारका कुरा गरिरहदा बालबालिका तथा वयस्क सबैले ध्यान दिनु पर्ने पक्ष भनेको अधिकारसँगसँगै कर्तव्य पनि जोडिएको हुन्छ ।

## अधिकार र कर्तव्य सम्बन्धी केही उदाहरणहरू

| अधिकार | कर्तव्य |
|---|---|
| पढ्न पाउनु प्रत्येक बालबालिकाको अधिकार हो । | राम्ररी मेहनत गरेर पढ्नु, कापि कलम र किताब जतन गरेर राख्नु, नियमित विद्यालय जानु बालबालिकाको कर्तव्य हो । |

| अधिकार | कर्तव्य |
|---|---|
| कुनै कार्यक्रममा जान पाउनु, त्यहाँ आफ्नो विचार व्यक्त गर्न पाउनु बालबालिकाको अधिकार हो । | कसैलाई गाली नगर्नु, सही सूचना दिनु, सक्रिय सहभागी हुनु र अरु साथीहरूको विचार सुनि विचारको कदर गर्नु बालबालिकाको कर्तव्य हो । |
| हरेक बालबालिका भेदभाव रहीत वातावरणमा हुर्कन पाउनु उनीहरूको अधिकार हो । | आफूले पनि अरुलाई भेदभाव नगर्नु, वयस्कलाई सम्मान गर्नु, सर-सल्लाह लिनु बालबालिकाको कर्तव्य हो । |

## २. बालबालिका माथि लगानी किन ?

बालबालिकामा गरिने खर्चलाई खर्च हैन लगानीका रूपमा लिने गरिन्छ । जसरी एउटा रुखले राम्रो फल दिनका लागि उचित मलजल, हेरचाह चाहिन्छ त्यस्तै बालबालिकालाई आवश्यक शिक्षा स्वास्थ्य र अवसर दिनसकेमा मात्र असल र सक्षम नागरिक निर्माण गर्न सकिन्छ ।

बालबालिकाका लागि कुन विषयमा लगानी गर्ने भन्ने निर्णय उनीहरूकै सहभागितामा गरियो भने बाल सहभागिताको अधिकारलाई प्रबर्द्धन गर्न मद्दत पुग्दछ । साथै वास्तविक आवश्यकताहरूको पहिचान पनि हुन्छ ।

मुलुकलाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न पनि बालबालिकामा लगानी गर्नु आवश्यक छ किनभने त्यसका लागि चाहिने सूचकहरू बालबालिकासँग सम्बन्धित छन् । बालबालिकाको लागि गरेको लगानीको प्रतिफल आउन केही समय लाग्न सक्छ तर त्यो दिगो हुन्छ ।

### केही तर्कहरू

**अधिकारको तर्क** :

२०७२ सालमा जारी भएकोनेपालको संविधानले पहिलो पटक बाल अधिकारलाई मौलिक हक अन्तर्गत राखेको छ । नेपालले बाल अधिकार महासन्धी (१९८९)लाई सन् १९९० मा अनुमोदन गरी बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गरिसकेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अधिकारका आधारभूत सिद्धान्तहरू सर्वोत्तम हित, विना भेदभाव, आवाजको सुनुवाई, विचार र भावनाको कदरमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र सहभागिताका विषयवस्तुहरूलाई समेटेको छ । बाल न्याय, बाल अधिकार परिषद्, हिंसा र दुर्व्यवहारबाट संरक्षण, बाल समूह बालक्लव खोल्न सक्ने, असाहय, अपाङ्गता र पीडित बालबालिकाको विभिन्न अधिकारहरूको सुनिश्चित गरेको छ ।

राष्ट्रिय योजना आयोगले तयार गरेको पंन्ध्रौं योजनाले पनि बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना गरेको छ। यस योजना अवधिमा बालबालिका तथा किशोरकिशोरीलाई हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउदै उनीहरूको हकअधिकार संरक्षण तथा संवर्द्धन गरी राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सक्ने नागरिक तयार गर्ने लक्ष्य लिएको छ। जसका लागि पोषणयुक्त खानामा सुधार, प्रजनन् स्वास्थ्य र शिक्षा, मानसिक स्वास्थ्य र शिक्षा, खेलकुद, सबै प्रकारका हिंसा विरुद्ध सुन्य सहनशीलता अप्नाउने, बाल विवाह र बाल श्रम न्यूनीकरण गर्ने, सामाजिक जीवनमा बाल सहभागिता बढाउने जस्ता विषयवस्तु समेटिएका छन्। साथै बालमैत्री भौतिक, सामाजिक र संस्थागत संरचना निर्माण गर्ने नीति लिएको छ।

## केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाहरू :-

**अन्तर्राष्ट्रिय दस्तावेजहरू :**

१. मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा-पत्र, १९४८

२. बालअधिकार सम्बन्धी महासन्धि, १९८९

३. दीगोविकास लक्ष्य, सन् २०१६-२०३०

४. जेनेभा महासन्धिहरू

५. दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२

६. सुरक्षा परिषद्को १६१२ घोषणा

७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६

**राष्ट्रिय कानूनी दस्तावेजहरू**

१. नेपालको संविधान

२. मुलुकी अपराध (संहिता) ऐन, २०७४

३. मुलुकी देवानी (संहिता) ऐन, २०७४

४. बालबालिका सम्बन्धी ऐन, वि.स.२०७५,

५. स्थानीय सरकार सञ्चालन ऐन, वि.स.२०७४,

६. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६

७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

८. बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

**सामाजिक तथा सांस्कृतिक र राजनीतिक तर्क** : बालबालिका हाम्रो समाजका अभिन्न अङ्ग हुन्।

समाजलाई समुचित विकास गरी समुन्नत समाज निर्माण गर्न बालबालिकालाई पर्याप्त लगानी गर्नु जरुरत हुन्छ। आजका बालबालिका भोलिका आफ्नो क्षेत्रका नेतृत्व पनि हुन्।

**आर्थिक तर्क** : बालबालिका भविष्यका मानवीय पुँजी हुन्। अहिले उनीहरूलाई गरिएको यथोचित र पर्याप्त लगानिले निकट भविष्यमा राज्य, समाज र परिवारले दक्ष जनशक्ति पाउछन्। जसबाट समग्र आर्थिक परिसूचकमा सकारात्मक सुधार आउँछ।

**भौतिक तथा मनोसामाजिक तर्क** : १८ वर्षको उमेरसम्म मष्तिष्कको एक भाग विकास भइसकेको हुँदैन। योजना बनाउने, मूल्याङ्कन गर्ने, समस्या समाधान गर्ने, निर्णय लिने र संवेगलाई नियन्त्रण गर्ने मस्तिष्कको यो भागको विकास हुने बेलामा बालबालिकामा विशेष लगानी आवश्यक छ।

खेलकूद, अतिरिक्त क्रियाकलाप, अध्ययन र संगीतमा सहभागी हुनाले बालबालिकाको मस्तिष्कमा सकारात्मक प्रभाव पादर्छ। यातना, वेवास्ता, लागुपदार्थ र मदिराको लतमा परेकाहरूको मस्तिष्कमा नकारात्मक प्रभाव परेको हुन्छ।

### बालबालिकाका लागि गरिने लगानीका केहि क्षेत्रहरू :-

- शिक्षा
- पोषणयुक्त खाना
- खेलकुद
- विभिन्न तालिम
- स्वास्थ्य - खोप
- खेलकुद मैदान तथा सामाग्री
- सफा पानी
- पुस्तकालय
- सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, बालविवाह, श्रम शोषणबाट संरक्षण
- नीति निर्माणमा अर्थपूर्ण सहभागिता
- बालमैत्री संरचना
- न्यायमा पहुँच, आदि।

## ३. बाल सहभागिता

बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्णयहरूमा आफ्नो कुरा सुनुवाई गर्ने र सो विचारको कदर गरिनुपर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकतोक र विना भेदभाव

सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुने, कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न, संघ-संस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरू नै बालबालिकाको सहभागिताको अधिकार हो। बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागी गराउदै सिक्ने, अनुभव गर्ने, अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्व र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

विकासका लागि बनाईएका योजनामा पनि बालबालिकाको आवाज राख्न र बालबालिकालाई सुहाउने राष्ट्र बनाउन पनि उनीहरूको सहभागिता महत्त्वपूर्ण पक्ष हो।

नेपालको संविधानको मौलिक हकको धारा ३९ को उपधारा ३ अनुसार कुनै पनि बालबालिकालाई बाल सहभागिताको हक हुनेछ भन्ने कुरा उल्लेख समेत गरिएको छ।

## अर्थपूर्ण बाल सहभागिता

अर्थपूर्ण बाल सहभागिता बाल अधिकार महासन्धि, १९८९ को अभिन्न अङ्ग हो। महासन्धिको धारा १२ मा हरेक बालबालिकाले आफ्नो भावना र विचार राख्ने र त्यसको कदर गर्ने विषयलाई जोड दिएको छ। त्यसैगरी बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ५, १३, १४, १५, १६, १७ र ३१ ले पनि बालबालिकाको सहभागितालाई सुनिश्चित गरेको छ।

अर्थपूर्ण बाल सहभागितालाई व्यक्ति, संस्था आदिले फरक-फरक किसिमले बुझ्ने गरेको र अभ्यास गर्ने गरेको साथै सहभागितालाई नाम मात्रको र देखाउनका लागि मात्र बालबालिकालाई संलग्न गराउने गरेको हुँदा सन् २००९ मा बालअधिकार समितिले अर्थपूर्ण बाल सहभागिताका लागि न्यूनतम मापदण्ड अघि सारेको थियो। जुन निम्न अनुसार छन् :

१. **सुसूचित र पारदर्शिता** : बालबालिकालाई सहभागी गराउने क्रममा जुन विषयमा सहभागी गराउन लागिएको हो सो विषयमा पहिले नै पूर्णरूपमा जानकारी दिनुपर्छ। यसरी जानकारी दिदा ढिलो नगरी समयमै दिनुपर्छ।

२. **स्वयंसेवी** : कुनै पनि विचार व्यक्त गर्न, सहभागी हुन बालबालिकालाई दवाव दिन पाइदैन। सहभागिताको नाममा उसको गोपनियता हनन् हुने गरी बोल्नका लागि करबल प्रयोग गर्न पाइदैन।

३. **सम्मानपूर्ण** : कुनै पनि बालबालिकाले व्यक्त गरेका विचारलाई सम्मान गर्नुपर्दछ। यसको अर्थ बालबालिकाले भनेका गलत कुरालाई पनि आत्मसात गर्नुपर्छ भन्ने होइन तर गलत नै भएपनि विचार भने व्यक्त गर्न दिनुपर्छ।

४. **समावेशी** : बालक्लव वा बालबालिका सम्बन्धी कार्यक्रममा कुनै समूह वा समुदायका माथै नभई सबै किसिमका बालबालिकालाई समावेशी तरिकाले सहभागी गराउनुपर्छ।

५. **तालिम दिएर सहयोग गर्ने** : बालबालिकासँग काम गर्ने व्यक्तिलाई कसरी बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने भन्ने बारेमा क्षमता अभिबृद्धि गर्नुपर्ने हुन्छ। यसरी तालिम नपाएका, अर्थपूर्ण बाल

सहभागिताको मापदण्डबारे थाहा नभएका व्यक्तिहरूबाट अर्थपूर्ण बाल सहभागिताको अभ्यास हुँदैन। त्यसैगरी बालबालिकालाई पनि कसरी आफ्नो विचारहरू प्रस्तुत गर्ने, अर्थपूर्ण बाल सहभागिताका मापदण्डहरू के हुन् ? भन्ने जस्ता विषयमा क्षमता अभिबृद्धि गरिनुपर्दछ।

६. **जोखिम र सुरक्षा बारे संवेदनशील** : सहभागिता सँगसँगै बालबालिकाले स्वतन्त्रपूर्वक र निर्धक्कसँग विचार व्यक्त गर्नसक्ने वातावरणको निर्माण गर्नुपनि आवश्यक हुन्छ। उनीहरू आफूलाई डर लाग्ने, अप्ठेरो महशुस हुने, असुरक्षित महशुस गरेको अवस्थामा आफ्ना विचारहरू व्यक्त गर्न सक्दैनन्।

७. **जवाफदेही** : बालबालिकासँग विचार लिइसकेपछि सो विचारको प्रयोग कसरी हुन्छ ? कहाँ-कहाँ हुन्छ ? सम्पूर्ण विचार सम्बोधन गर्न सकिन्छ की सकिदैन भन्ने जस्ता विषयमा बालबालिकालाई जानकारी गराउनु वयस्कको दायित्व हो।

८. **बालमैत्री** : जहाँ बालबालिका रमाइलो मान्छन्, त्यहीं उनीहरू निर्धक्कसँग आफ्ना विचार राख्न सक्छन्। त्यसका लागि हाम्रो तरिका, विधि, प्रक्रिया, व्यवहार शासन प्रणाली सबै बालमैत्री हुनुपर्छ।

९. **सम्बन्धित** : बाल सहभागिता भनेको हरेक विषयमा बालबालिकालाई सहभागी गराउनु नभई उनीहरूसँग सम्बन्धित विषयमा मात्र उनीहरूलाई सहभागी गराउने हो।

### बालसहभागिता कहाँ कहाँ हुन्छ ?

- योजना तर्जुमा समिति
- बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति
- बस्ति स्तरको योजना तर्जुमा प्रक्रिया
- बाल भेला
- बालक्लव र बाल संजाल
- गाउ/नगर सभा
- समुदायको समिति
- वडा समिति
- विद्यालय व्यवस्थापन समिति
- स्वास्थ्य व्यवस्थापन समिति
- बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने अन्य क्षेत्रहरू।

## ४. बालमैत्री स्थानीय शासन अवधारणा

### बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रीपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्को अर्थमा भन्नु पर्दा बालमैत्री भन्नाले बालबालिकालाई मनपर्ने, उनीहरूलाई सहज, रमाइला र सुरक्षित लाग्ने तथा बालअधिकार हनन्

नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ। जस्तैः विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी झैं व्यवहार गर्नु, घरमा अभिभावकले बालबालिकालाई राम्रो व्यवहार गर्नु आदि। यस्तै बालबालिकाको लिङ्ग, जाति भाषा धर्म आदि आधारमा भेदभाव नगर्नु बालबालिका सम्बन्धी विषयमा बालबालिकाका विचारहरू सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्री भनिन्छ।

## शासन

शासन परिभाषा यहि नै हुन्छ भन्ने नभएता पनि यो सबैतिर हुन्छ। शासन असल वा खराव पनि हुनसक्छ। शासन असल भए सु-शासन अर्थात असल शासन हुन्छ भने खराब भएको शासन कु-शासन हो जसलाई निरंकुश शासन पनि भनिन्छ। शासन हुनका लागि योजना, बजेट(रकम) नीति, नियम र कार्यक्रम (काम) विभिन्न पद र संरचना आवश्यक हुन्छ। शासन तपाईं हाम्रो घरमा पनि हुन्छ जहाँ हजुरबुवा, हजुरआमा, आमाबुबा, दाई, दिदी, भाइ, आदि भन्ने पद हुन्छ घर सञ्चालन गर्ने योजना हुन्छ भने काम र घर सञ्चालनका लागि पैसा पनि हुनुपर्दछ। यस्तै विद्यालय, विभिन्न समूह, सस्थाहरूमा पनि शासन हुन्छ। अर्को शब्दमा भन्नुपर्दा शासन भनेको कुनैपनि काम वा जिम्मेवारीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नु हो। यसका लागि नियमहरू बनाउने, बनेका नियमहरू पालना भयो की भएन हेर्ने अनुगमन गर्ने, काम गर्नको लागि योजना बनाउने तथा सम्बन्धित सबै व्यक्ति वा पक्षहरूको कुरा सुनेर कार्यसम्पादन गर्नु नै शासन हो। शासन हुनका लागि विशेषतः संगठन, संरचना, पद, योजना, नीति नियम र बजेटहरू आवश्यक हुने गर्दछ। शासन राज्यका तिनै तहका संरचनामा मात्र हैन घरपरिवार, समुदाय, बालक्लवमा पनि हुन्छ।


## बालमैत्री स्थानीय शासन

राम्रो वरपर अर्थात स्थानीय तहमा भएका सबै प्रकारका संरचनाहरू कार्यालय, समुदाय, विद्यालय, परिवार र त्यहाँ हुने मानिसहरू शिक्षण स्वयंसेवक बुबाआमा सबैको व्यवहार बालबालिका प्रति संवेदनशील भएको हुन्छ। बालबालिकाको आवाजको सुनुवाई हुने, बालबालिकाको पहुँचमा सबै संरचनामा हुने तथा बालअधिकारको सुनिश्चितता भएको शासन व्यवस्थालाई बालमैत्री शासन भएको मानिन्छ। स्थानीय सरकारको माध्यमबाट हाम्रो गाउँ टोल छिमेक सबै स्थानहरूमा बालबालिकालाई मैत्रीपूर्ण व्यवहार गर्ने गाउँघरमा हुने कार्यक्रम छलफल योजना निर्माणमा बालबालिकाको अधिकारका क्षेत्रहरू बाँच्न पाउने अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागिताको अधिकारलाई केन्द्रबिन्दुमा राखेर सञ्चालन गरिने शासन पद्धति नै बालमैत्री स्थानीय शासन हो। त्यस्तै बालमैत्री स्थानीय शासन भन्नाले स्थानीय स्तरमा भएका भौतिक संरचना स्थानीय स्तरमा बन्ने योजना कार्यक्रम नीति र विनियोजन हुने बजेट सबैले बालबालिकालाई विशेष ध्यानमा राखी गरिने कार्य प्रक्रिया हो। यस अन्तर्गत बाल अधिकारको सुनिश्चितता स्थानीय तहको नेतृत्वमा हुने गर्दछ भने त्यस्तो अवस्थालाई बालमैत्री स्थानीय शासन भएको मान्न सकिन्छ।

बाल मैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिका अनुसार “बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया

र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो।"

बालअधिकार महासन्धि अन्तर्गतका बालबालिकाका अधिकारहरू अझ विशेषगरी बालअधिकारका मुलभूत चार क्षेत्रहरू बचाउ, विकास, संरक्षण र सहभागिता जस्ता सवालहरूलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिलाई नै बालमैत्री स्थानीय शासन भनिएको हो। यस पद्धतिले बालबालिकाको अर्थपूर्ण सहभागितामा उनीहरूकै निम्ति अनुकूल हुने गरी योजना तर्जुमा, बजेट विनियोजन, गाउँ तथा नगर सभाबाट यस्ता योजना तथा बजेट स्वीकृत, स्वीकृत योजनाको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्न सघाउँदछ।




## ५. बालमैत्री स्थानीय शासनको लक्ष्य र उद्देश्य

### लक्ष्य

बालमैत्री स्थानीय शासनको सुनिश्चितताबाट बालअधिकार प्राप्त भै बालबालिकाका लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी सेवाको सुनिश्चतता प्रदान गर्नु नै बालमैत्री स्थानीय शासनको लक्ष्य हो।

### बालमैत्री स्थानीय शासनका उद्देश्यहरू

(१) बालबालिका सुरक्षित भई बाँच्न पाउने हकको प्रबर्द्धन गर्ने।

(२) बालबालिकाको संरक्षण सम्बन्धी हकको प्रबर्द्धन गर्ने।

(३) बालबालिकाको विकास सम्बन्धी हकको प्रबर्द्धन गर्ने।

(४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह र

(५) योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाई गर्ने ।

## ६. बालमैत्री स्थानीय शासनको आवश्यकता

नेपालको शासकीय पद्धति र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सवालहरू सम्बोधन गर्न आवश्यक ठानी विगत लामो समयदेखि नेपालमा बालबालिकाको अधिकारलाई प्रत्याभूत गराउन तथा बालमैत्री स्थानीय शासन प्रबर्द्धन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए । यस्ता कार्यक्रमलाई निरन्तरता दिदै हालको परिवर्तित सन्दर्भ र नेपालको संविधानको अनुरुप राष्ट्रका सबै स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा गतिविधिहरू बीच एकरुपता कायम गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्न अत्यावश्यक छ। तसर्थ स्थानीय सरकारको शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासनको आवश्यकता छ ।

## ७. बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत व्यवस्था



### बालमैत्री स्थानीय शासन गाँउ/नगर समिति:

(१) अध्यक्ष/प्रमुख, गाँउ/नगरपालिका -अध्यक्ष

(२) उपाध्यक्ष/उप-प्रमुख, गाँउ/नगरपालिका -उपाध्यक्ष

(३) गाँउ/नगर कार्यपालिकाको महिला सदस्य १ जना – सदस्य

(४) गाँउ/नगरपालिकाले मनोनयन गरेको महाशाखा/शाखा प्रमुखहरू (स्वास्थ्य, शिक्षा महिला, खानेपानी तथा सरसफाइ) -सदस्य

(५) गैसस महासंघ गाँउ/नगरपालिका स्तरीय शाखाको प्रतिनिधि (महिला र बालवालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्था मध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि) १ जना - सदस्य

(६) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरू मध्येबाट गाँउ/नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) -सदस्य

(७) गाँउ/नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाँउ/नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(८) गाँउ/नगरपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य

(९) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये गाँउ/नगरपालिकाले तोकेको महिला प्रतिनिधि, (१ जना) – सदस्य

(१०) गाँउ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय/चौकि मध्ये १ का महिला तथा बालबालिका सेल हेर्ने प्रतिनिधि १ जना – सदस्य

(११) प्रमुख प्रशासकीय अधिकृत, गाँउ/नगरपालिका - सदस्य –सचिव

### बालमैत्री स्थानीय शासन वडा समिति :

वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

(१) वडा अध्यक्ष -अध्यक्ष

(२) वडा अध्यक्षले तोकेको वडा कार्यपालिकाको महिला/दलित महिला सदस्य -उपाध्यक्ष

(३) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि (१ जना) -सदस्य

(४) महिला र बालवालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(७) वडास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका) -सदस्य

(८) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि, (१ जना) - सदस्य

(९) प्रतिनिधि, वडा बाल संरक्षण समिति - सदस्य

(१०) वडा सचिव -सदस्य–सचिव

**बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति :**

(१) सामुदायिक संस्था वा समूहका अध्यक्षहरूमध्ये वडा समितिले तोकेको प्रतिनिधि -अध्यक्ष

(२) स्थानीय विद्यालयका प्रधानाध्यापकहरू मध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेको १ जना प्रतिनिधि -सदस्य

(३) समुदायमा रहेका बाल समूहमध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेका १ जना बालिका सहित २ जना बाल प्रतिनिधि -सदस्य

(४) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि, (१ जना) -सदस्य

(५) सामुदायिक संस्था वा समुहका सचिव वा व्यवस्थापक मध्येबाट उनीहरूले छानेको प्रतिनिधि (१ जना) -सदस्य

(६) वडा समिति तोकेको व्यक्ति - सदस्य –सचिव

## ८. बालमैत्री स्थानीय शासनको अवलम्बन

बालमैत्री वातावरण निर्माण गरी बालमैत्री स्थानीय शासन प्रत्याभूत गराउने पहिलो जिम्मेवारी सम्बन्धित वडा र स्थानीय सरकारको हुन्छ। कुनैपनि कुराको अवलम्बन गर्ने पहिलो आधार ईच्छाशक्ति र प्रतिबद्धता नै हो। यद्यपी बालमैत्री स्थानीय शासनको अवलम्बन गर्न सर्बप्रथम स्थानीय स्तरमा रहेर कार्य गर्ने साझेदार संघ-संस्थाहरू बालक्लव पूर्व सदस्यहरू अभियान्ता, शिक्षक, बुद्धिजीवी, स्वास्थ्यकर्मी, राजनीतिक दल, महिला समूह, उद्योग, व्यापारीलाई बालमैत्री स्थानीय शासनका विषयमा बुझाउनु जरुरी छ किनभने बालमैत्री घोषणा र निरन्तरता सिमित क्षेत्रबाट मात्र सम्भव छैन।

सरोकारवालाहरूको अभिमूखीकरण गरी सामूहिक प्रतिवद्धता व्यक्त गर्न लगाउनु पर्दछ। ताकि काम गर्ने

सिलसिलामा कुनै बाधा वा कठिनाई उत्पन्न नहोस् । प्रतिबद्धता सँगसँगै बालमैत्री स्थानीय शासनको प्रबर्द्धन गर्ने ठोस कार्ययोजना तर्जुमा गर्नुपर्दछ। बालमैत्री स्थानीय शासनको प्रत्याभूत गराउने पहिलो दायित्व स्थानीय सरकारको हुने भएकाले आफ्नो कूल पूँजिगत बजेटको निश्चित रकम निरन्तर बालबालिकाका निम्ति विनियोजन गर्ने निर्णय सहितको लगानी योजना निर्माण गर्नुपर्दछ। जसले गर्दा काम गर्दै जाँदा श्रोत-साधनको अभावमा काम नरोकियोस् र श्रोतको सदुपयोग गर्न सकियोस् ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ बमोजिम बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरू निर्धारण गरिएको छ । बालमैत्री स्थानीय शासनको प्रबर्द्धन, विकास र विस्तारका लागि पालिकामा बालमैत्री इकाई/शाखा बनाउने वा सम्पर्क बिन्दु तोक्ने कार्य गर्नु पर्दछ। महत्त्वपूर्ण निर्णय पारित गर्ने स्थान भनेको गाउँ/नगर सभा नै हो तसर्थ बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने निर्णय सभाबाट पारित भएसँगै बालमैत्री स्थानीय शासनको अवलम्बन हुन्छ ।

## ९. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण

बालमैत्री स्थानीय शासन कार्यान्वयन एकैपटक र पर्याप्त श्रोत साधन हुँदैमा मात्र हुने विषय होईन। बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि ७ चरण पुरा गर्नुपर्ने हुन्छ ।

१) **प्रारम्भिक** : बालमैत्री स्थानीय शासन अवलम्बन पश्चात सम्वन्धित पालिकाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधिले निर्धारण गरेको ३९ वटा सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकामा बालबालिकाको अवस्थाका बारेमा संक्षिप्त अध्ययन विश्लेषण गर्नु पर्दछ। जसले गर्दा पालिकामा बालबालिकाको तत्कालीन अवस्था पत्ता लगाई नीति, योजना, कार्यक्रम र बजेट निर्माणका लागि सघाउ पुग्दछ। सरोकारवालाहरूको पहिचानगरी बालमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी अभिमूखीकरण गरी कार्यान्वयनको लागि लिखित प्रतिबद्धता लिने कार्य यस चरणमा गर्नु पर्दछ। बालमैत्री स्थानीय शासनको अवलम्बनका लागि केहि कानून/नीति/रणनीति/कार्यविधि/निर्देशिका र आचार संहिता आवश्यक पर्दछन् तिनको तर्जुमा गर्ने कार्य पनि प्रारम्भिक चरणमा गर्नु पर्दछ ।

२) **तयारी** : बालमैत्री स्थानीय शासन अवलम्बन र कार्यन्वयनको दोस्रो चरणमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति, नगरपालिका/गाउँपालिकामा बालमैत्री स्थानीय शासन महाशाखा/शाखा/इकाईको संस्थागत प्रबन्ध गर्न बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने। गाउँ/नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखामा बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक समन्वय सहकार्य र व्यवस्थित अभिलेखीकरणका लागि सम्पर्क व्यक्तिको चयन र निजलाई जिम्मेवारी प्रदान गर्ने। बालमैत्री स्थानीय शासनलाई वडा र समुदायस्तरसम्म विकास र विस्तारका लागि नश्चित सूचक/मापदण्ड तयार गर्ने र त्यसका आधारमा वडा छनौट गरी ती वडाहरूमा बालमैत्री स्थानीय शासनलाई अवलम्बन अर्थात लागू गर्ने गरी

गाउँपालिका/नगरपालिकाले निर्णय गर्ने। यसरी निर्णय गर्दा सकेसम्म बढि सूचकहरू पुरा रहेको वा सुचकको अवस्था राम्रो भएका वडाहरूबाट सुरु गर्ने। जसले गर्दा काम गर्न सहज र सकारात्मक उर्जा प्राप्त गर्न सकियोस्। बालमैत्री स्थानीय शासन पालिका वा वडाको मात्र पहलबाट हासिल गर्न सम्भव नहुने हुँदा समुदाय र विद्यालय स्तरमा बालक्लव, वडा र पालिका तहमा बालक्लव संजाल, स्वास्थ्य स्वयमसेविकाहरू, समुदाय स्तरमा टोल विकास संस्था तथा समुदायमा आधारित अन्य संस्थाहरूको गठन र परिचालन गर्दा बालमैत्री स्थानीय शासन पुरा गराउन सहज र छिटो हुन्छ। हरेक बालबालिकाले आफ्ना अभिभावक नभएको अवस्थामा तथा अभिभावकको आर्थिक अवस्था कमजोर भएको अवस्थामा पनि समुदायमै बसेर हुर्कन, बढ्न तथा पढ्न पाउनु पर्दछ। त्यसको सुनिश्चितताका लागि आवश्यक पर्ने बालकोष सञ्चालन गर्न आवश्यक कार्यविधि तयारी गरी बालकोष स्थापना र निरन्तर सञ्चालन गर्नु पर्छ। बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल) तयारी र प्रकाशन पनि दोस्रो चरण अन्तर्गत गर्नु पर्दछ।

३) **योजना तर्जुमा** : बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि निर्धारीत सूचकहरूको मापनलाई सहज बनाउनका लागि सूचकको स्थानीयकरण गर्न सकिन्छ। मुख्य सूचकहरूलाई नघटाई केहि सूचकहरू थप गर्न र न्यूनतम सूचक निर्धारण गर्न पनि सकिन्छ। हरेक पालिकाले आफ्नो बजेटको अधिकतम् प्रतिशत रकम बालबालिकाको क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता सहित गाउँ/नगर सभाले निर्णय गर्नुपर्दछ। बालमैत्री स्थानीय शासन कुनै छोटो वा निश्चित अवधिका लागि नभई दीर्घकालीन रूपमा निरन्तर चलिरहने प्रक्रिया हो। तसर्थ हरेक वडा र स्थानीय तहमा बालबालिकाको लागि आवधिक/दीर्घकालीन र वार्षिक लगानी योजना तर्जुमा गर्नु पर्दछ।

४) **नीति तथा योजना कार्यान्वयन** : बालमैत्री स्थानीय शासन सिमित क्षेत्रबाट मात्र सम्भव छैन तसर्थ साझेदार र सरोकारवालाहरू पहिचान गरी संजाल निर्माण, समन्वय र सहकार्य गर्नु पर्दछ। त्यस्तै बालक्लव, बालक्लव संजाल, टोल विकास संस्था/समुदायमा आधारित संस्था लगायतका सरोकारवाला र साझेदारहरूलाई क्रमशः बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरण/तालिम/अध्ययन अवलोकन र क्षमता विकास गर्दै लैजानु पर्दछ। योजना तर्जुमाको चरणमा निर्माण गरिएको वडा तथा स्थानीय तहको बालबालिकाको आवधिक/दीर्घकालीन र वार्षिक लगानी योजनाका लागि आवश्यक बजेट विनियोजन गरी योजना कार्यान्वयन गरिए पश्चात सूचक अनुसारको नतिजा सहज रूपमा प्राप्त गर्न सकिन्छ।

५) **अनुगमन, मूल्यात्तन** : हरेक कामको सकारात्मक परिणामको लागि अनुगमन तथा मूल्याङ्कन सबैभन्दा महत्त्वपूर्ण हुन्छ। तसर्थ वडा कार्यालय/गाउँपालिका/नगरपालिकाबाट हरेक गतिविधिहरूको संयुक्त अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने र कमि-कमजोरी सुधार्दै लैजाने गरिएको खण्डमा बालमैत्री स्थानीय शासन घोषणा गर्न सहज हुन्छ।

बालमैत्री स्थानीय शासनका न्यूनतम् सबै सूचकहरूको प्रमाणीकरण स्थानीय तहको सम्बन्धित विषयगत

शाखा बाट नै गर्नुपर्दछ। सबै सूचकहरू पुरा भै बालमैत्री घोषणाको तयारीका लागि सम्बन्धित वडा र पालिकाले बालबालिकाको स्थिति-पत्र तयारी गरी प्रकाशन र सार्वजनिकीकरण गरिएको हुनुपर्दछ। यसरी स्थितिपत्र तयारी गरी प्रकाशन र सार्वजनिकीकरण गरेपश्चात वडा घोषणाका लागि जिल्ला समन्वय समिति र पालिका घोषणा गर्नुपूर्व सम्बन्धित प्रदेशको मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अनुगमन भईसकेको र प्रतिवेदन तयारी गराउनु पर्दछ।

६) **बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा** : सम्बन्धित निकायबाट अनुगमन गराई प्रतिवेदन तयार भएपश्चात बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चात निरन्तरताको लागि रणनीतिक योजना तर्जुमा गर्नु पदर्छ। बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको लागि तोकिएको निकायबाट अनिवार्य लिखित सहमति प्राप्त गरिसके पश्चात वडा समिति र गाउँ/नगर सभाबाट निर्णय गराई वडा/गाउँपालिका वा नगरपालिकालाई बालमैत्री घोषण गर्न सकिन्छ। बालमैत्री वडा/गाउँपालिका वा नगरपालिका घोषणा गरेपछि सबैकुरा पुरा गरियो भन्ने हुदैन यसलाई सुरुवातको रूपमा बुझ्नुपर्दछ। यसको सबैभन्दा महत्त्वपूर्ण पाटो भनेको बालमैत्री घोषणा पश्चातको निरन्तरता हो।

७) **बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको निरन्तरता** : बालमैत्री वडा/गाउँपालिका वा नगरपालिका घोषणा पश्चातको निरन्तरता सबैभन्दा महत्त्पूर्ण कुरा हो तसर्थ निरन्तरताका लागि तयार गरिएको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन नै बालमैत्री स्थानीय शासनको निरन्तरता हो। साथै यसको कार्यान्वयनबाट मात्रै सूचक अनुसारको नतिजा प्राप्त भएको सुनिश्चितता प्रदान गर्न सकिन्छ।

## १०. बालमैत्री स्थानीय तह घोषणा

बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तहको सभाले आफ्नो नगर/गाउँपालिका र वडालाई बालमैत्री स्थानीय तह/वडाका रूपमा घोषणा गर्ने व्यवस्था छ तर यसरी घोषणा गर्नु पहिले सम्बन्धित स्थानीय तहको सभाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले निर्धारण गरेको सूचक मध्येबाट न्यूनतम् ८० प्रतिशत सूचक पुरा गरेको हुनुपर्नेछ। त्यस्तै गरी सूचक निर्धारण गर्दा सम्बन्धित गाउँ/नगरपालिकाको आवधिक तथा वार्षिक योजना निर्माण गर्दा स्थानीयस्तरको अवस्था अनुसार बालश्रम, बाल विवाह, बाल हिंसा तथा शोषण न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गर्नुपर्दछ। त्यसका साथै स्थानीय अवस्थाका आधारमा छाउपडी, झुमा प्रथा जस्ता सामाजिक विकृतिहरूको अन्त्य गर्ने खालका कार्यक्रमहरू समावेश गर्नुपर्छ। निर्धारित सूचक पुरा भए नभएको सम्बन्धमा संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ। सम्बन्धित निकायले अनुगमन गर्दा निर्धारित सूचकहरू प्राप्त भएको भनि प्रमाणित भएमा मात्र वडा/गाउँपालिका वा नगरपालिकालाई बालमैत्री वडा वा पालिका घोषणा हुन्छ।

## ११. बालमैत्री स्थानीय शासनका सूचकहरू

सूचक भन्नाले कुनैपनि कुराको मापन गर्ने आधार हो । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरू रहेका छन् । बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने स्थानीय तहहरूले उल्लिखित सूचकहरूलाई आफ्नो नीति, योजना तथा कार्यक्रममा समावेश गरी सञ्चालन गर्नुपर्दछ । राष्ट्रिय रणनीति, २०६८ को मूल मर्ममा प्रभाव नपर्ने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, अवसर र क्षमताको आधारमा सूचकहरू थप गर्न तथा स्थानीयकरण गरी लागु गर्न सक्छन् । बालमैत्री स्थानीय शासनका सूचकहरूलाई बालअधिकारका ४ क्षेत्रहरू बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकासका आधारमा समावेश गरिएको छ। परिवर्तित सन्दर्भमा बाल मैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू परिवर्तन हुने क्रममा छन् । यसरी परिवर्तन हुँदा वडा, गाउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका लागि समय सान्दर्भिक र छुट्टाछुट्टै सूचक तय गरिनुपर्छ । बालमैत्री स्थानीय शासनका सूचकहरू निम्नानुसार छन् ।

| क्र.सं. | क) बाल बचाउ |
|---|---|
| १ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान (आमाको दूध मात्रै खुवाउने) गराएका हुनेछन् । |
| २ | एक वर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण रूपमा खोप (डिपिटी, विसिजी, हेपटाइटिस बि, हिब ३, दादुराको मात्रा) लगायतको खोप पाएका हुनेछन् । |
| ३ | ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन् । |
| ४ | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । |
| ५ | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् । |
| ६ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । |
| ७ | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । |
| ८ | एचआईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । |
| ९ | सबै घरधुरीमा पिउन योग्य खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ । |
| १० | चर्पी गएपछि, खाना खानु अगाडि र बालबालिकाको दिसा धोए पछि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । |

| | |
|---|---|
| | **ख) बाल संरक्षण** |
| ११ | ५ वर्ष मुनीका सबै बालबालिकाको अनिवार्य जन्म दर्ता भएको हुनेछ। |
| १२ | बाल विवाहको संख्यामा कमी आएको हुनेछ। |
| १३ | निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ। |
| १४ | घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बालविवाह दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ। |
| १५ | बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई सञ्चालनमा ल्याईएको हुनेछ। |
| | **ग) बाल विकास** |
| १६ | ३ देखि ४ वर्षसम्मका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन्। |
| १७ | कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शत्प्रतिशत बालबालिका विद्यालय भर्ना भएका हुनेछन्। |
| १८ | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनेछन्। |
| १९ | औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ। |
| २० | प्रत्येक विद्यालयमा छात्र-छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था भएको हुनेछ। |
| २१ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| | **घ) बाल सहभागिता** |
| २२ | स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराईएको हुनेछ। |
| २३ | स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ। |
| २४ | विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ। |
| २५ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल समूहको प्रतिनिधित्व हुनेछ। |
| २६ | गा.पा.वडाको हकमा हरेक गा.पा.को वडामा बालसमूहको सञ्जाल र नगरपालिकाको हकमा नगरपालिकाको प्रत्येक वडामा बालसमूह गठन भै क्रियाशील रहेको हुनेछ। |
| २७ | जिल्ला र नगर, गा.पा. तहमा बाल संजाल गठन भई क्रियाशील भएको हुनेछ। |

| | संस्थागत विकास सम्बन्धी सूचकहरू |
|---|---|
| २८ | स्थानीय तहको सभा नियमित रूपमा सञ्चालन भएको हुनेछ। |
| २९ | स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गरी पूर्ण रूपमा कार्यान्वयनमा ल्याएका हुनेछन्। |
| ३० | स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ। |
| ३१ | स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन्। |
| ३२ | स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्। |
| ३३ | स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालन भएका हुनेछन्। |
| ३४ | स्थानीयस्तरमा बाल समूहहरूको सक्रियता रहनेछ। |
| ३५ | स्थानीयस्तरमा निगरानी समूह जस्ता महिला समूहहरूको सक्रियता रहनेछ र यस्ता समितिहरू बाल अधिकार संरक्षण र सम्बर्द्धनमा क्रियाशील रहनेछन्। |
| ३६ | स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्ला स्तरसम्म उनीहरूको प्रतिनिधित्व रहनेछ। |
| ३७ | बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। |
| ३८ | जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ। |
| ३९ | बालबालिका सम्बन्धी स्थिति-पत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। |

बाल मैत्री स्थानीय शासनलाई समयानुकूल र नयाँ संघीय संरचनामा अनुकूल बनाउनका लागि परिमार्जन गर्न खोजिएको छ। स्थानीय तहहरूले बालमैत्री स्थानीय शासन अवलम्बन तथा कार्यान्वयनका क्रममा यी सूचकहरूलाई समेत आधार बनाउनुपर्ने देखिन्छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको प्रस्तावित परिमार्जित सूचकहरू यस प्रकार रहेका छन्।

## आधारभूत सूचक (३९ वटा)

| क्र.स. | सूचक |
|---|---|
| **क** | **बाल बचाउ (१४ वटा)** |
| १ | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछ। |

| क्र.स. | सूचक |
|---|---|
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । |
| ४ | गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएका हुनेछन् । |
| ६ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाले पूर्ण खोप प्राप्त गरेका हुनेछन् । |
| ८ | एचूआईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । |
| ११ | अति कडा कुपोषण र मध्यम कुपोषण भएका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । |
| १२ | सबै घरधुरीमा खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ । |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अघि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका हुनेछन् । |
| **ख** | **बाल संरक्षण (७ वटा)** |
| १ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । |
| २ | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुनेछ । |
| ३ | बाल विवाह नियन्त्रण भएको हुनेछ । |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा उल्लेख्य कमी आएको हुनेछ । |
| ५ | बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ । |
| ६ | छाउपडी, कमलरी जस्ता सामाजिक कू-प्रथामा कमी आएको हुनेछ । |
| ७ | स्थानीय तह/समुदायले १४ वर्षमुनीका बेसाहारा बालबालिका (भएमा) को संरक्षण गरेका हुनेछन् । |

| क्र.स. | सूचक |
|---|---|
| **ग** | **बाल विकास (६ वटा)** |
| १ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउ दर सतप्रतिशत रहेको हुनेछ। (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन्। |
| ३ | प्रत्येक विद्यालयमा पानिको सुविधा सहित छात्र-छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ। |
| ४ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन्। |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ६ | सरसफाईयुक्त विद्यालय कायम गर्न सबै विद्यालयले कुहिने र नकुहिने फोहोर अलग-अलग विर्सजन गर्ने व्यवस्था गरेका हुनेछन्। |
| **घ** | **बाल सहभागिता (६ वटा)** |
| १ | गाँउपालिका र नगरपालिकाका तहमा समावेसी आधारमा बाल संजाल गठन भई क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। |
| २ | गाँउपालिका र नगरपालिकाका वस्ती वा टोल र विद्यालयहरूमा समावेसी आधारमा बालक्लव गठन भै क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लव/संजालको प्रतिनिधित्व रहनेछ। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ। |
| ६ | बालभेलाबाट माग भै आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। |
| **ङ** | **संस्थागत विकास (६ वटा)** |
| १ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भै क्रियाशील रहेका हुनेछन्। |

| क्र.स. | सूचक |
|---|---|
| २ | स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । |
| ३ | गाउँपालिका/नगरपालिकाको प्रत्येक वडामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना निर्माण र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थिति-पत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । |

## विस्तारित सूचक (जम्मा १२ वटा)

| क्र.स. | सूचक |
|---|---|
| **क** | **बाल बचाउ** |
| १ | एउटा सन्तान र अर्को सन्तानको जन्मान्तर कम्तिमा ३ वर्षको हुनेछ । |
| **ख** | **बाल संरक्षण** |
| १ | गाउँपालिका/नगरपालिका क्षेत्रमा सडक बालबालिकाको संख्यामा कमी आएको हुनेछ । |
| २ | वडा/गा.पा./न.पा.मा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । |
| ३ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृह सञ्चालनमा ल्याएको हुनेछन् (उप/महानगरको लागि मात्र) । |
| **ग** | **बाल विकास** |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन् । |
| २ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूको लागि बालमैत्री, वातावरण मैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । |
| ३ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाले जीवनउपयोगी शिक्षा (व्यसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । |

| घ | बाल सहभागिता |
|---|---|
| १ | वडा र स्थानीय तहले उत्कृष्ट कार्य गर्ने बालक्लव/संजाललाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गरेका हुनेछन् । |
| **ङ** | **संस्थागत विकास** |
| १ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क ईकाई रहेको हुनेछ । |
| २ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । |
| ३ | नगरकार्यपालिका/गाउँकार्यपालिका/वडा कार्यालय र प्रत्येक स्वास्थ्य संस्थामा एक बालमैत्री कक्ष रहेको हुनेछ । |
| ४ | बसपार्क, सिनेमा हल, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । |

## १२ बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यन्वयन र घोषणाका क्रममा ध्यान दिनुपर्ने पक्षहरू

### अभिलेख व्यवस्थापन:

- बालमैत्री अवलम्बन गर्ने गाउँ नगर कार्यपालिकाबाट निर्णय गरी गाउँ नगर सभाबाट पारित गरी अभिलेख सुरक्षित राख्ने ।
- बालमैत्री कार्यान्वयनका लागि पर्याप्त छलफल गरी जिम्मेवारी, मानवीय तथा आर्थिक स्रोत, अवधी, विधि जस्ता कुराहरू खुल्ने गरी सबैपक्ष समेटिएको कार्ययोजना बनाई अभिलेखीकरण तथा कार्यन्वयन गर्ने ।
- बालमैत्री आचार सहिता तयार गरी सरोकारवाला सबैलाई प्रचार-प्रसार गरी अभिलेख तयारी गर्ने ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणानीतिले उल्लेख गरे अनुसार सबै सरोकारवालाहरूको अर्थपूर्ण उपस्थितिमा बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि अवधिक लगानी योजना तयार गरी कार्यान्वयनका लागि कार्यपालिकाबाट पारीत गर्ने ।
- नगर र गाउँ स्तरमा स्थापना भएका सबै बालक्लव तथा संजालहरूलाई वडामा आबद्धता प्रदान गरी प्रमाण-पत्र दिने साथै सबै बालक्लवको विवरण (नाम, ठेगाना, उद्देश्य, बालक बालिका, समावेसी भए-नभएको सम्पर्क व्यक्ति, सम्पर्क नं. जस्ता विवरण खुल्ने गरी) अभिलेखीकरण गर्ने ।
- विभिन्न समिति (जस्तै : बाल अधिकार समिति, बाल मैत्री स्थानीय शासन समिति, बाल संरक्षण

तथा सम्बर्द्धन समिति)हरूको नियमित वैठक बसी भएका निर्णयहरूको अभिलेख राख्ने ।

- बालमैत्री स्थानीय शासन कार्यविधिले दिएको ढाँचामा थपघट गरी नियमित रूपमा बालबालिकाको स्थिति-पत्र प्रकाशन गर्ने ।
- बालबालिकासँग सम्बन्धित भएका सबै नीति, योजना, कार्यक्रम र बजेट विनियोजन तथा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको तथ्यमा आधारित भई अभिलेखीकरण गर्ने ।

### स्रोत व्यवस्थापन

- संघीय तथा प्रदेश सरकारले स्थानीय तहलाई शर्सत अनुदान/लक्षित कार्यक्रम सञ्चालन गर्न उपलव्ध अनुदान ।
- विकास साझेदारहरूले यस रणनीतिको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा-छुट्टै रूपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य मानव स्रोत साधनको सहयोगको रूपमा समझदारी-पत्रमा उल्लेख भए बमोजिम उपलव्ध थप वित्तीय सहयोग ।
- बालक्लवका पूर्व सदस्य, बाल अधिकारकर्मी, तथा सामाजिक संघ संस्थाका प्रतिनिधिहरूलाई स्रोत व्यक्ति, सहजकर्ता, सामाजिक परिचालक आदिका रूपमा परिचालन ।
- स्थानीय स्तरमा सञ्चालित सहकारी, निजी व्यवसायिक प्रतिष्ठान, सार्वजनिक संस्थान लगायतले आफ्नो सामाजिक दायित्वका रूपमा यस अभियानमा आर्थिक, मानवीय वा प्रविधिक सहयोग उपलब्ध गराउने ।
- बालमैत्री स्थानीय शासनका केही सूचकहरू प्राप्त गर्नका लागि छुट्टै आर्थिक स्रोत जुटाउनुपर्छ भन्ने पनि छैन । विभिन्न विकास कार्यक्रमहरूमा बाल मैत्री ढङ्गबाट योजना तर्जुमा, कार्यन्वयन र मूल्याङ्कन गर्दा पनि कतिपय सूचक पुरा गर्न सकिन्छ ।
- स्थानीय तहले बालबालिकाको लागि आवधिक तथा वार्षिक लगानी योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कुल पूर्जीगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन गर्ने ।
- गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूले आवधिक तथा वार्षिक योजनासँग सह-सम्बन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम सञ्चालनमा उपलव्ध सहयोग गर्ने ।
- संघीय तथा प्रदेश मन्त्रालयले स्थानीय तहको अनुगमन मूल्याङ्कन लगायतको आधारमा स्थानीय तहलाई उपलव्ध वार्षिक एकमुष्ट विशेष अनुदान/थप आर्थिक अनुदान ।
- बालमैत्री स्थानीय शासनको अवधारणालाई लक्षित समूह समुदायसम्म पुऱ्याउन शिक्षक, स्वास्थ्य स्वयम्सेविका, बालक्लव, किशोर समूह, आमा समूह, धार्मिक व्यक्तित्व, युवा क्लव तथा संजाल र सामाजिक संघ-संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यसैले यस्ता स्थानीय सामाजिक संघ सस्था र संजालहरूको क्षमता अभिबृदि गर्न स्थानीय सरकारले लगानी गर्नुपर्छ।

- न.पा., गा.पा.को बालबालिकासँग सम्बन्धित शाखा अन्तर्गत बाल मैत्री इकाइ वा शाखा वा संपर्क व्यक्ति तोकी कार्यविभाजन गर्नुपर्छ ।
- बालमैत्री स्थानीय शासन कार्यन्वयन र घोषणा पूर्व तयार पारिएको आवधिक र रणनीतिक योजनालाई सम्बन्धित तहको आवधिक तथा वार्षिक योजनामा समेत समावेश गरिएको हुनुपर्छ ।

### जनसहभागिता

- बालमैत्री स्थानीय शासनको अवधारणा कार्यन्वयन गर्नका लागि कुनै निश्चित व्यक्ति वा सस्थाको पहलले मात्र पुग्दैन । तसर्थ, अधिकतम जनसमुदायको सहभागिता गराउन पहल गर्नुपर्छ ।
- स्थानीय स्तरमा सञ्चालित संचार माध्यम, सहकारी, बैंक, उद्योग, कलकारखाना, होटेल व्यवसाय, निजी, समुदायिक तथा सार्वजनिक व्यवसाय, फर्म, संघ-सस्था लगायतको महत्त्वपूर्ण भूमिका हुन्छ । उनीहरूलाई कसरी सँगसँगै लैजाने भन्ने कार्ययोजना हुनुपर्छ ।
- समुदायका सबै जातजाती, भाषाभाषी, धर्म, वर्ग, लिङ्ग, सम्प्रदाय र संस्कृति मान्ने जनसमुदायको समावेशिता र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ ।

## १३ बालक्लवको अवधारणा र परिचालन

हरेक बालबालिकालाई सबै भन्दा पहिले आफ्नै घरबाट सहभागिताको अधिकारको सुनिश्चिता गरिनु पर्दछ । घरमा हुने सानासाना निर्णयदेखि आफ्नो मत व्यक्त गर्ने मात्र नभई त्यसको उचित कार्यान्वयन पनि गर्नु पर्दछ । यसलाई नै अर्थपूर्ण सहभागिता भनिन्छ । बाल सहभागिताको अधिकारलाई संरक्षण गर्न र त्यसको कार्यान्वयन गर्नको लागि राम्रो माध्यम भनेको बालक्लव हो । जहाँ बालबालिकाले सहभागिता जनाउन पाउनु पर्दछ ।

१८ वर्ष मुनिका बालबालिकाले सहभागी भई आफ्ना कुरा राख्ने त्यसको कार्यान्वयन गर्ने तथा गर्न लगाउनका लागि झकझकाउने राम्रो थलो बालक्लव बनेको छ । बालबालिकाको आफ्नो व्यक्तित्व विकास गर्ने, प्रतिभा प्रदर्शन गर्ने, विकासका कार्यमा सहभागी हुने मात्र नभई चौतर्फि विकासका लागि बालक्लवले मद्दत गरेको पाइन्छ । जुन संस्थागत संरचनाको रूपमा विकास भइरहेको छ । बालबालिकाको विषयमा योजना बनाउने कार्य बालबालिकाले बालक्लवदेखि नै सुरुवात गरिरहेका छन् । बालबालिकाले बालबालिकाकै संरक्षण र विकासका लागि सहभागिताको माध्यमबाट कार्यहरू गर्दछन् र जनचेतना एवं क्षमता विकासका लागि विभिन्न क्रियाकलापहरू गर्दै आईरहेका छन् । हाल नेपालमा करिब २५ हजारको संख्यामा बालक्लव रहेका छन् । हाल पाँच प्रकारका बालक्लवहरू कार्यरत छन् ।

## समुदायमा आधारित बाल समूहहरू :

कुनै निश्चित भूगोल भित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समूहहरू समुदायमा आधारित बाल समूहहरू हुन् । नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडा भित्र बाल समूह गठन गर्न सकिन्छ ।

**विद्यालयमा आधारित बाल समूहहरू**

कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समूहहरू विद्यालयमा आधारित बाल समूहहरू हुन् ।

**विषयगत बाल समूहहरू**

समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रूपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर पनि बाल समूह गठन गर्न सकिन्छ। बालबालिकाको सवालमा मात्र काम गर्न, जस्तै जलवायु परिवर्तन, एच.आइ.भि.एड्स., जस्ता विषयहरूमा कार्य गर्न विशिष्ट ढंङ्गले विषयगत बाल समूहहरू गठन गर्न सकिन्छ ।

**विशिष्टीकृत बाल समूह**

अन्तराष्ट्रिय रूपमानै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरूले विशेष किसिमका स्वयंसेवी प्रकृतिका बाल समूह गठन गर्न सक्छन् । जस्तै जुनीयर रेडक्रस र स्काउट। यिनीहरूको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन्छन् ।

**बाल समूह सञ्जाल**

स्थानीयस्तरमा सूचिकृत भएका बाल समूहहरू एक आपसमा भेला भइ एक आपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरूलाई सामुहिकीकरण गर्न बाल समूह सञ्जाल गठन गर्न सक्दछन् । यसरी बाल समूह संजाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरू सम्मिलित हुन सक्दछन् ।

**आवद्धता तथा सूचीकरण**

तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको बालक्लव गठन र सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ का अनुसार समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू गाउँपालिका/नगरपालिका र तिनका वडा कार्यालयमा सूचीकृत भएका बाल समूह/संजालको विवरण वडा नगरपालिकामा पठाउनु पर्छ। विद्यालयमा गठन भएका बाल समूहको आबद्धता विद्यालयमा र समुदायमा गठन भएका समूहको आबद्धता स्थानीय गाउँपालिका वा नगरपालिकामा बाल समूह सूचीकरण हुँदा समूहको नाम, उद्देश्य, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र समूहहरू गठन भएको एक महिनाभित्र

सूचीकृत गर्नुपर्छ।

## १४ स्थानीय योजना तर्जुमा प्रक्रिया र बाल भेला

वर्तमान व्यवस्था अनुसार स्थानीय तहहरूले योजना तर्जुमा गर्ने प्रक्रियालाई सात चरणमा विभाजन गरेर बुझ्न सकिन्छ। स्थानीय तहहरूले आफ्नो नगर गाउँमा नयाँ सुरु हुने आर्थिक वर्षमा कुन-कुन क्षेत्रमा प्राथमिकता दिने, के-कस्तो नीति तथा कार्यक्रम सञ्चालन गर्ने र सोका लागि के- कती बजेट लाग्छ भनी गरिने छलफल, अध्ययन, मूल्याङ्कन र समीक्षाको प्रक्रिया नै स्थानीय योजना तर्जुमा प्रक्रिया हो। यस्तो योजना तर्जुमा प्रक्रिया वर्तमान व्यवस्था अनुसार जेठ महिनामा सुरु भएर असारमा सम्पन्न हुने गर्दछ। जसमा जनप्रतिनिधी, जनसमुदाय र विभिन्न सरोकारवालाहरूसँगको छलफल, अध्ययन, मूल्याङ्कन र समीक्षाको अध्ययन, मूल्याङ्कन र समीक्षाको प्रक्रियाबाट सो आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम र बजेट तयार हुन्छ।

त्यसैले बालबालिकाको आफ्ना गुनासा, सुझाव, माग र योजनालाई उनीहरूकै प्रत्यक्ष र अर्थपूर्ण सहभागितामा समावेश गराउनका लागि कुन समयमा के-के गर्ने भनेर बुझ्नका लागि स्थानीय योजना तर्जुमा बुझ्न जरुरी छ।

### स्थानीय सरकारको बजेट तयारीका ७ चरण

**पहिलो चरण : केन्द्र तथाप्रदेशबाट जाने अनुदान र बजेट मार्गदर्शन**

**दोस्रो चरण : स्रोत अनुमान र क्षेत्रगत सीमा निर्धारण**

**तेस्रो चरण : वस्तीबाट योजना छनौट**

**चौथो चरण : वडाबाट योजना छनौट**

**पाचौँ चरण : विषयगत समितिमा छलफल र एकीकृत योजना तर्जुमा**

**छैटौँ चरण : कार्यपालिकाको बजेट पारित गर्ने**

**सातौँ चरण : सभामा छलफल र बजेट पारित**




**पहिलो चरण: केन्द्र तथा प्रदेशबाट जाने अनुदान र बजेट मार्गदर्शन**

पहिलो चरणमा केन्द्र तथा प्रदेश सरकारले अनुदानसँगै बजेट मार्गदर्शन पनि स्थानीय तहलाई पठाउँछन् । बजेट मार्गदर्शनमा केन्द्र तथा प्रदेश सरकारको नीति, केन्द्रीय अनुदान तथा स्थानीय बजेट तर्जुमा गर्दा स्थानीय तहले प्राथमिकता दिनु पर्ने विषयहरू समावेश हुनेछ ।

**दोस्रो चरण : स्रोत अनुमान र क्षेत्रगत सीमा निर्धारण**

यो चरणमा स्थानीय सरकारले केन्द्रीय प्रदेश सरकारले दिने अनुदान, स्थानीय तहमा संकलन हुने राजश्व लगायतका स्रोतहरूबाट प्राप्त हुने कुल आम्दानी अनुमान गर्नुपर्ने हुन्छ । स्थानीय तहले केन्द्रीय र प्रादेशिक अनुदानबाहेक संविधानले निर्धारण गरेको क्षेत्रको राजश्व संकलन गर्न सक्छ ।

**तेस्रो चरण : बस्तीबाट योजना छनौट**

स्थानीय तहको बजेट तर्जुमामा जनसहभागिताका हिसाबले सबैभन्दा महत्त्वपूर्ण चरण नै यही हो । स्थानीय

तह भित्रका स-साना बस्ती र टोलले स्थानीय भेला मार्फत आफ्ना योजनाहरू छनौट गर्छन् ।

**चौथो चरण : वडाबाट योजना छनौट**

बस्तीबाट छनौट भएका योजनाहरूबारे यो चरणमा वडामा छलफल हुन्छ । यसले योजनाहरूको प्राथमिकता पनि निर्धारण गर्छ ।

**पाँचौं चरण : विषयगत समितिमा छलफल र एकीकृत योजना तर्जुमा**

बजेट तर्जुमाको पाँचौं चरणमा वडाबाट पारित भएर आएका योजनामाथि विषयगत समितिमा छलफल हुन्छ । विषयगत समितिले योजनाहरूको प्राथमिकता र त्यसका लागि चाहिने बजेट निर्धारण गर्छ ।

**छैटौं चरण : कार्यपालिकाले बजेट पारित गर्ने**

एकीकृत योजना तर्जुमा समितिले तयार गरेको एकीकृत बजेट गाउँ वा नगर कार्यपालिकामा छलफलका लागि लगिन्छ । जसरी केन्द्र सरकारले बजेट संसदमा प्रस्तुत गर्नुअघि मन्त्रिपरिषद् बैठकले पारित गर्छ, ठीक त्यसैगरी गाउँ वा नगर कार्यपालिकाको बैठकले बजेटमाथि छलफल गरी पारित गर्छ ।

**सातौं चरण : सभामा छलफल र बजेट पारित**

कार्यपालिकाले पारित गरेको बजेट उपमेयर वा उपाध्यक्षले गाउँ वा नगर सभामा प्रस्तुत गर्छन् । सभामा प्रमुख र उपप्रमुख/अध्यक्ष र उपाध्यक्ष वडा अध्यक्ष र प्रत्येक वडाका चार सदस्य रहन्छन् । सभाबाट छलफल भई पारित भएपछि बजेट कार्यान्वयनमा जान्छ । बजेट कार्यान्वयनको दायित्व गाउँ वा नगर कार्यपालिकाको हुन्छ ।

## बाल भेला

यसरी योजना तर्जुमाको बेलामा अर्थपूर्ण बालसहभागिताका लागि बालभेलाको प्रक्रियाबाट बालबालिकाको योजना, सल्लाह तथा सुझाव सङ्कलन गर्नुपर्छ ।

स्थानीय तहको योजना प्रक्रियालाई सहभागितामूलक बनाउनका लागि आफ्नो स्थानीय तहका सबै जातजाती भाषाभाषी धर्म समुदाय, वर्ग, अपाङ्गता भएका, एल.जि.बि.टि.आई.क्यू. र भौगोलिक रूपमा समेत सबैको प्रतिनिधित्व हुने गरी बालबालिकाको आवश्यकता, समस्या र मागलाई समेत समेटी प्राथमिकताका आधारमा योजना निर्माण गर्ने भेला नै बालभेला हो । बाल भेला अर्थपूर्ण बाल सहभागिताको नमूना पनि हो किन भने यहाँ बालबालिकाका सवाल, बालबालिकाका लागि योजनालाई सुन्ने मात्र नभई कार्यान्वयनका लागि पनि पहल गरिन्छ ।

बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने सबै स्थानीय तहले बाल भेला गर्नुपर्ने हुन्छ । बाल भेला वडा स्तरमा गर्न सकिन्छ । वडामा भेला हुँदा छुटेका र पालिका स्तरमा थप गर्नुपर्ने कुराहरू पालिका स्तरीय बाल संजालमा छलफल गरी गाउँ, नगर कार्यपालिकामा पेश गर्न सकिन्छ ।

बाल भेला गर्नको लागि सबैभन्दा उपयुक्त समय पहिलो र दोस्रो चरणको बीचमा हुन्छ। वडा स्तरीय बाल भेलाबाट आएका सुझावहरूलाई वडा अध्यक्ष वा जनप्रतिनिधी मार्फत वडामा पेश गर्नुपर्छ। साथै बाल भेलामा सहभागी बालबालिकाले आ-आफ्नो समुदायमा बस्ती स्तरको छलफल हुँदा पनि आफ्ना कुराहरू राख्नका लागि प्रोत्सहित गर्नुपर्छ।

वर्तमान व्यवस्था अनुसार स्थानीय तहले आफ्नो नीति तथा कार्यक्रम र बजेट असार मसान्तसम्म पारित गरिसक्छन्। असारको पहिलो सातासम्म वस्तीस्तरको योजना तर्जुमाका सम्पूर्ण प्रक्रियाहरू सम्पन्न भइसक्छन्। त्यसैले बाल भेलाको सम्पूर्ण प्रक्रियाहरू जेष्ठ मसान्तमा सक्नुपर्छ।

**बाल भेला पूर्व ध्यान दिनुपर्ने कुराहरू**

सबै समुदाय, बालक्लवमा नबसेका, सबै खालका बालक्लवमा बस्ने, अपाङ्गता भएका, भौगोलिक रूपमा पिछडिएका जात जाती, भाषाभाषी, धर्म समुदाय लगायतका बालबालिकाको प्रतिनिधित्व सुनिश्चित भएको हुनुपर्छ। बाल भेला कहाँ गर्ने, कहिले गर्ने, कति समय लाग्छ, के-के विषयमा छलफल हुन्छ जस्ता जानकारीहरू अग्रिम रूपमा बालबालिकालाई गराउनुपर्छ। बाल भेलामा आउने बालबालिकालाई आवश्यकता अनुसार वयस्क सहजकर्ताको व्यवस्थापन गर्नु पर्छ। बाल संजालबाट बाल भेला हुनुपूर्व वैठक बसी अतिथि, संचालक, अध्यक्षता जस्ता कुराहरू टुङ्ग्याउनुपर्छ।

**बाल भेलाको समयमा ध्यान दिनुपर्ने कुराहरू**

सबै सहभागीहरूको लागि सहज, सुरक्षित बस्ने स्थानको व्यवस्थापन गर्ने, एवं समयमा नै कार्यक्रमको सुरुवात गरी समयमा नै अन्त्य गर्नुपर्छ। सबै बालबालिकाले बुझ्ने र सरल भाषामा कार्यक्रमको उद्देश्य बारे प्रष्ट पार्नुपर्छ। बाल भेलामा प्रयोग गरिने विधिहरू बाल भेला सञ्चालन कार्यविधिमा उल्लेख गरिए अनुसार पालै-पालो गर्नुपर्छ। सबै बालबालिकालाई आफ्नो कुरा राख्ने अवसार दिनुपर्छ। बाल भेलामा आएका सवालहरूको अभिलेखीकरण गरी सबै निर्णयमा बालबालिकाको हस्ताक्षर गराउनुपर्छ। बालबालिकालाई समयमा नै खाना खाजाको व्यवस्थापन गर्नुपर्छ। बाल भेलामा सहभागीको उमेर ८ देखि १८ वर्षसम्मको हुनुपर्छ। सहभागी छनौट गर्दा जातजाति, भूगोल, लिङ्ग, पिछडिएको क्षेत्र तथा समुदाय, अपाङ्गता भएका बालबालिका आदिलाई समेटी समावेशी चरित्रको भेला बनाउनु पर्छ। पढाई नबिग्रिने तथा कक्षा छुटाउनु नपर्ने गरी बिदाको समयमा आयोजना गर्नुपर्दछ।

**बाल भेला पश्चात ध्यान दिनुपर्ने कुराहरू**

बाल भेलाको निर्णयको प्रतिलिपी र बाल संजालको पत्र सहित वडा समितिमा प्रथमिकीकरण गरिएका योजना पेश गर्नुपर्छ। बस्ती स्तरको योजना तर्जुमाको लागि भेलामा प्रतिनिधित्व गर्ने बालबालिकाले बाल भेलाबाट पारित गरिएका योजना पेश गर्नुपर्छ। वडा भेलामा सहभागी हुने बालबालिकाले बाल भेलाबाट प्राथमिकतामा परेका योजनाहरूको निर्णयको प्रतिलिपि वडा स्तरको योजना तर्जुमा हुँदा पेश गर्नुपर्छ। नगर गाउँ स्तरीय बाल सञ्जालमा बाल भेलामा छुटेका र थप गर्नुपर्ने योजनाहरू थप गरी नगर गाउँ

कार्यपालिकामा पेश गर्नुपर्छ। योजना तजुर्मा प्रक्रियामा विषयगत समितिको छलफलमा बाल सञ्जालको प्रतिनिधित्व गर्न पहल गर्ने र प्रतिनिधित्व गर्ने गरी निर्णयलाई पारित गराउन बालक्लव, बालमैत्री स्थानीय शासन समिति, बाल अधिकार समिति, गाउँ बाल संरक्षण समिति र स्थानीय सामुदायिक संस्थाहरूले पहलकदमी लिनुपर्ने कुरामा जोड दिनुपर्छ।

बाल भेलाबाट ठूला योजना आएमा प्रदेश सरकारलाई वा संघीय सरकारमा समेत पेश गर्न सकिन्छ।

**बालमैत्री स्थानीय शासन प्रबर्द्धन गर्न सरोकारवालाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।**

- सरोकारवालाको भूमिका
- स्थानीय तह
- वडा समिति
- संचार माध्यम
- जनप्रतिनिधि तथा राजनीतिक दल
- स्वास्थ्य संस्था
- विद्यालय
- बालक्लव
- सहकारी
- आमा समूह, युवा समूह
- सामाजिक संघसंस्था
- निजी तथा सार्वजनिक प्रतिष्ठान, आदि।

## १५ सरोकार पक्षको भूमिका




### स्थानीय तह

**कानून कार्यान्वयन** : नेपाल सरकारले अनुमोदन गरेको बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ र राष्ट्रिय कानूनहरूको परिपालना (नेपालको संविधानको धारा ३९, बालबालिकाको हक), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमन) ऐन, २०५६, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८) लगायत कार्यान्वयन ।

**बालमैत्री कार्यान्वयन र घोषणा**: निश्चित प्रक्रिया र सूचक पुरा गरी बालमैत्री स्थानीय तह, वडा घोषणा

गर्ने ।

**नीतिगत सुधारः** हालका रणनीति, नीति (बालमैत्री स्थानीय शासन), नियम, कार्यविधि, निर्देशिका, आचार संहिता आदिमा आवश्यक सुधार र परिमार्जन गर्ने । आवश्यकता अनुसार बालमैत्री कानून, नीति नियम, रणनीति, कार्यविधि, निर्देशिका, आचार संहिता, आदि तयारी र कार्यान्वयन गर्ने ।

**बालबालिकाको लागि योजनाः** स्थानीय सरकारले तयार गर्ने आवधिक र दीर्घकालीन योजनामा बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बालअधिकारका सवालहरू समावेश गरी सम्पूर्ण भौतिक संरचना बालबालिका, लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने ।

**बालबालिकाको लागि लगानीः** साविकका स्थानीय निकायले कूल पुँजीगत बजेटको कम्तिमा १५ प्रतिशत (साविकको व्यवस्था) बालबालिकामा लगानी गर्ने कुरालाई स्थानीय तहहरूले निरन्तरता दिने ।

**बालबालिकाको आवाजको सम्मानः** विद्यालय र स्वास्थ्य व्यवस्थापन समिति, योजना तर्जुमा समिति, बालमैत्री स्थानीय शासन समितिमा बालबालिकाको समतामूलक र अर्थपूर्ण सहभागिता गराउने । स्थानीय योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता गराउने । वार्षिक बाल भेला र बालबालिकाको योजना तर्जुमा कार्यलाई निरन्तरता दिने ।

**नेतृत्व तथा समन्वयः** बालबालिकाकालागि/बालबालिका सँग गरिने कामको प्रभावकारिताका लागि स्थानीय सरकारले नेतृत्व लिने र सम्बन्धित साझेदार र सरोकारवालाहरूसँग समन्वय गर्ने ।

**मूल्यात्तन र अनुगमनः** नगर/गाउँपालिकाबाट कार्यान्वयन भएका बालबालिका सम्बन्धी कार्यक्रमहरूको मूल्याङ्कन र अनुगमन गरी प्रभावकारिता मापन गर्ने । साथै बाल अधिकार हननूका घटनालाई न्यूनीकरण गर्न कानूनी उपचारका लागि सहजीकरण गर्ने ।

## वडा समितिको भूमिका

- सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने,
- बाल उद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम गर्ने,
- प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन गर्ने,
- बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने,

- बालबालिकालाई बि.सि.जि., पोलियो, भिटामिन ए को व्यवस्था गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्ने, गराउने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- अन्तरविद्यालय तथा बालक्लव मार्फत् खेलकुद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सो को अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने,
- प्रांगरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने, आदि ।

### बाल मैत्री स्थानीय शासन समिति

- बालमैत्री शासनका सूचकहरूको कार्यान्वयन, बालमैत्री शासन अवलम्बन, आवधिक र वार्षिक योजना तर्जुमा, अचारसंहिता निर्माण र प्रचारप्रसार, आर्थिक स्रोतको अनुमान र व्यवस्थापन जस्ता कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**सामाजिक संघ सस्था** : स्थानीय तहले तय गरेका बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयनमा स्थानीय सरकारको सहयोगिका रूपमा कार्य गर्ने ।

### बालक्लव :

- सबै बालबालिकालाई बालक्लवमा समावेश गर्न पहल गर्ने ।
- बालबालिकाको हक अधिकार र कर्तव्यका बारेमा आफ्ना साथीहरू तथा अभिभावक र

सरोकारवालहरूलाई जानकारी गराउने ।

- खुल्ला दिशामुक्त, पूर्ण खोप, जन्मदर्ता, विद्यालय भर्ना, बाल विवाह, बाल दुर्व्यवहार, सरसफाई, बाल संरक्षण जस्ता विषयमा सचेतनाका कार्यहरू गर्ने ।
- बालबालिका सहभागी हुनुपर्ने स्थानमा अर्थपूर्ण सहभागिता गर्ने ।
- बालक्लवमा सबै क्षेत्रका बालबालिकालाई समान वअसर प्रदान गर्ने ।

**विद्यालय** : बालमैत्री ढङ्गबाट गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षा सम्बन्धी सूचकहरू पुरा गर्न पहल गर्ने ।

**स्वास्थ्य सस्था** : सरसफाइ, खोप, मातृ शिशु स्वास्थ्य, पोषण जस्ता स्वास्थ्य सम्बन्धी सूचकहरू पुरा गर्न पहल गर्ने ।

**सञ्चार माध्यम** : बालमैत्री सम्बन्धी सामाग्री, स्थानीय स्तरमा भएका राम्रा कामहरूको प्रचार-प्रसार गर्ने, कतै गलत हुन लागेमा खवरदारी गर्ने ।

**जनप्रतिनिधि तथा राजनीतिक दल** : बालमैत्री नीति तथा कार्यक्रम तय गर्नुका साथै पर्याप्त बजेट विनियोजनमा पहल गर्ने, स्थानीय सरकारले लिएको नीति कार्यान्वयनमा सहजीकरण गर्ने ।

## १६ बाल मैत्री शासनका उपलब्धी र प्रतिफलहरू

(१) **बालबालिकाको लागि स्थानीय विकास योजना:** बालबालिकाको लागि स्थानीय विकास योजनामा स्थानीय तहहरूले बाल अधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सवाल र आवश्यकतालाई सम्बोधन गर्ने गरी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरू समावेश भएको विकास योजना दस्तावेज तयार हुन्छ। यस योजनाले निश्चित अवधिमा निश्चित उपलब्धि हासिल गर्न लगानीको आधार समेत तयार हुन्छ।

(२) **बालबालिकाको लागि लगानी योजना:** स्थानीय तहले बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नेछन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अवलम्बन गरिने सबै क्रियाकलापलाई स्रोतगत रूपमा उल्लेख हुन्छ।

(३) **बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरू :** स्थानीय तहहरूले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिधिभित्र रही आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गर्न सक्छन् ।

(४) **बालबालिका सम्बन्धी स्थिति–पत्र तयारी तथा प्रकाशन:** बालबालिका सम्बन्धी स्थिति-पत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय तहहरूद्वारा विगतका वर्षहरूमा भए गरेका कार्यहरूको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बाल अधिकारको कार्यान्वयनको अवस्था, बालबालिका सम्बन्धी नीति, कानून, योजना र कार्यसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको

चित्रण गरी प्रकाशन हुन्छ ।

(५) **बालबालिकाको सहभागिता:** स्थानीय तहको नीति, योजना र कार्यक्रम तर्जुमा, बालबालिकाको क्षेत्रमा बजेट विनियोजन र त्यसको अनुगमन, मूल्याङ्कन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित हुन्छ । बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने संरचना तथा प्रक्रियाहरूमा पनि बालबालिकाको संस्थागत ढंगबाटै सहभागिता सुनिश्चित हुन्छ ।

### उपलब्धि र प्रतिफलहरू

- बालबालिका सम्बन्धी स्थिति-पत्र तयारी तथा प्रकाशन
- बालबालिकाको लागि लगानी योजना
- बालबालिकाका लागि स्थानीय विकास योजना
- बालबालिकाको सहभागिता

## १७ बालमैत्री स्थानीय शासन घोषणा पछि निरन्तरताका लागि गरिनुपर्ने कार्यहरू

बालमैत्री अवधारणा आँफैमा एक बृहत अवधारणा हो । कुनै पनि स्थानीय तह बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले निर्धारण गरेका सूचक पुरा गरी बालमैत्री घोषणा हुँदासम्म त्यस स्थानीय तहमा थुप्रै विकासका कामहरू पनि हुन्छन् । बालमैत्री घोषणा भईसकेपछि यसलाई निरन्तरता दिँदै थप कार्यहरू गर्नुपर्ने चुनौती र अवसर दुवै हुन्छन् । बालमैत्री घोषणालाई दिगो र प्रभावकारी बनाउन निम्न कार्यहरू गर्नु आवश्यक देखिन्छ ।

- बालमैत्री स्थानीय शासनको दिगोपना र निरन्तरताका लागि तय गरिएको रणनीतिक योजनालाई सम्बन्धित पालिकाको अवधिक र वार्षिक योजनामा समेत समावेश गराउने ।
- प्राप्त भएका सूचकहरूलाई निरन्तरताका लागि नियमित गर्नुपर्ने अभियान तथा कार्यक्रमहरू (जस्तैः बालभेला, बालक्लव परिचालन, सरसफाई अभियान, जन्मदर्ता, बालसहभागिता, आदि) निरन्तर सञ्चालन गर्ने ।
- सत प्रतिशत पुरा नभएका साथै जोखिम बढि भएका क्षेत्रहरूमा थप प्रभावकारी ढङ्गबाट विषेश कार्यक्रम बनाइ कार्यन्वयन गर्ने ।
- बालमैत्री स्थानीय शासनले निर्धारण गरेका सूचकरुले बालबालिकाका आधारभूत सवालहरूलाई मात्र समेटेको छ । यी बाहेक पनि अहिलेको परिवर्तित सन्दर्भमा थुप्रै सवालहरू हुन सक्छन् । त्यस्ता विषयहरू पहिचान गरी लगानिका क्षेत्र निर्धारण गर्नुपर्छ ।
- बालमैत्री स्थानीय शासन कार्यान्यनका क्रममा क्रियाशील समितीहरूलाई घोषणा पछी पनि निरन्तरता दिइनुपर्छ ।

- आवधिक रूपमा बालबालिकको स्थिति-पत्र तयारी र प्रकाशन गर्ने ।
- निश्चित अवधिमा (पाँच/पाँच वर्षमा) बालबालिकाको प्रोफाइल तयारी गर्नुपर्छ ।
- बाल कोष सञ्चालन कार्यविधी अनुसार बालकोषलाई निरन्तरता र विस्तार गर्ने ।

## १८ नेपालमा बाल मैत्री स्थानीय शासनका सिकाइ तथा चुनौतिहरू

नेपालमा बाल अधिकारको मूल-प्रवाहीकरण नेपालको अन्तरिम संविधान, २००७ ले बालबालिकाको विषयवस्तुलाई सम्बोधन गरेपछि सुरु भएको पाइन्छ। त्यस पछिका कानूनी व्यवस्थाले यी सवालहरूलाई निरन्तरता दिदैं आएको पाइन्छ। यसै सन्दर्भमा नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० मा अनुमोदन गरेपछि थप परिष्कृत भएको पाइन्छ। यही अनुरुप वि.सं. २०६८ मा बालमैत्री स्थानीय शासन रणनीति नेपाल सरकारले बनायो र त्यसै वर्ष बालमैत्री स्थानीय शासन कार्यविधि, २०६८ तर्जूमा गरी कार्यान्वयनमा ल्यायो। यीनै नीति र कानूनी दस्तावेज अनुसार नेपालका स्थानीय तहहरूलाई बालमैत्री बनाउने अभियान तिब्र गतिमा अगाडि बढेको छ। यस क्रममा नवलपरासी जिल्लाको प्रगतिनगर जहा पहिलो पटक जागृति बालक्लव नेपालले बालअधिकार महासन्धि अनुसार बालसंस्थाको कानूनी मान्यताको विषयको आवाज उठाएको र सर्वोच्च अदालतले कानूनी मान्यता समेत प्रदान गरेको (हालः देवचुली न.पा.)मा पहिलो बालमैत्री गाविसको रूपमा घोषणा भयो। त्यस पछि नवलपरासी जिल्ला सुनवल नगरपालिका बालमैत्री नगर घोषणा गर्ने काम भयो। विगतमा युनिसेफले बालमैत्री स्थानीय शासन प्रबर्द्धनमा लगानी गरेको भए तापनि हाल वर्ल्डभिजन इन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, गुड नेभर्स इन्टरनेशनल नेपाल, कियर नेपाल लगायतका विकासका साझेदार संस्थाहरूले आफ्नो साझेदार संस्थाको माध्यमबाट बालमैत्री स्थानीय शासन प्रबर्द्धन गर्दै आईरहेका छन् ।

### उपलब्धि तथा सिकाइहरू

- बाल मैत्री स्थानीय शासन अवलम्बन गरेपछि बालबालिकाको सवाललाई राज्यको शासकीय प्रणालीमा मूल प्रवाहीकरण हुनु प्रमुख उपलब्धिको रूपमा लिन सकिन्छ।
- बालमैत्री स्थानीय शासनलाई पूर्ण सफल बनाउन स्थानीय तह लगायत सेवाप्रदायक विषयगत कार्यालयको कानूनी शासन, जवाफदेहिता, पारदर्शिता र सहभागिताजस्ता सुशासनका आधारभूत कुरा हुन् ।
- बालमैत्री स्थानीय तह तथा निकाय अवलम्बन गरेपछि सामाजिक तथा सामुदायिक परिचालनका संयन्त्रहरूलाई स्थानीय आवश्यकतालाई मौलिक ढङ्गले सम्बोधन गर्ने गरी विकास गर्दै सहकार्य र परिचालन गर्न सकिने अवस्था देखिएको छ।
- केन्द्रदेखि स्थानीय तहसम्म तहगत तेर्सो तथा ठाडो समन्वय र सहकार्यका लागि भएका संयन्त्रको नियमित बैठक, नीतिगत स्पष्टता र अनुगमन र निर्देशनको आवश्यकता पर्ने देखिएको छ।

- स्थानीय तहलाई थप स्वायत्त र जिम्मेवार बनाउन सके बालमैत्री स्थानीय शासनले गति लिने देखिन्छ। निर्वाचित स्थानीय तह, सिर्जनशील इच्छाशक्ति, जिम्मेवारीप्रति प्रतिबद्ध, नेतृत्वले यस अवधारणालाई निरन्तरता दिन सकिन्छ।
- बाल मैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरूमा अन्य विकासका पुर्वाधारहरू (जस्तैः किशोरी, अपाङ्गता तथा बाल मैत्री भौतिक संरचना, घर तथा विद्यालयमा सफा पानी, शौचालय, समावेशिता, पूर्ण खोप, सरसफाइ आदि) पुरा हुने देखिन्छ।
- स्थानीय तहको योजना, नीति, बजेट तथा कार्यक्रममा बालबालिकाको सवाल संस्थागत हुन सक्नु पनि महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ।
- बालबालिकाको सवालमा बालबालिकाकै अर्थपूर्ण सहभागिता मार्फत गरिने योजना तर्जुमा प्रक्रियाबाट वास्तविक सवाल पहिचान भई विकास कार्यहरू दिगो हुने देखिन्छ।
- बालमैत्री शासनले अङ्गिकार गरेको रणनीतिले जातीय, भाषिक, वर्गीय, भौगोलिक र धार्मिक रूपमा पिछडिएको समुदायलाई प्राथामिकता दिने हुँदा समग्र सामाजिक चेतनास्तर उकास्न समेत अहम् भूमिका खेलेको अनुभवबाट प्रष्ट हुन्छ।
- बालमैत्री घोषणा भएका स्थानीय तहहरूमा अरु सामाजिक अभियानहरू समेत स्वतःस्फूर्त रूपमा अगाडि बडेको पाइन्छ भने बालबालिकाले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न स्थानहरूमा सहभागी हुने अवसर पाएका छन्।

## चुनौतिहरू

- यसले तय गरेका सूचकहरू पुरा गर्न पर्याप्त मानवीय तथा आर्थिक पूँजी लगानी गर्नुपर्ने हुन्छ। केहि स्थानीय तहहरूले मानवीय तथा आर्थिक पूँजीको अभावमा अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेका छैनन्।
- यो अभियान स्थानीय सरकार वा कुनैएक संस्थाको पहलले मात्र सफल हुन सक्दैन। जहाँ सबै सरोकारवालाहरूको सामुहिक पहल भएको छ, त्यहाँ घोषणा प्रक्रिया सहज भएको देखिन्छ।
- सूचकहरूलाई स्थानीयकरण गरी मापनयोग्य बनाउने, जनसहभागिता जुटाउने, भएका कामहरूको अभिलेखीकरण गर्ने लगायतका कुराहरू पनि चुनौतिपूर्ण देखिन्छ।
- नेपालमा बालबालिकाको हकहित सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधानहरू रहेता पनि यसको कार्यन्वयनको पक्ष अत्यन्त फितलो रहेको छ। अझै पनि बालबालिका बाल श्रमिकका रूपमा होटल, रेष्टुरा र व्यक्तिको घरमा श्रमिक हुनु पर्ने, दुर्गम तथा विपन्न, अपाङ्गता भएका, सीमान्तकीकृत समूदायका बालबालिकाको शिक्षा र स्वास्थ्यको पहुँचबाट टाढा बस्नु पर्ने, अवस्था विद्यमान छ।
- कतिपय स्थानीय तहमा संघीय पुर्नसंरचना पछि बालबालिका तथा बालमैत्री स्थानीय शासनका

क्षेत्रमा गरिने लगानी, बजेट विनियोजन अपेक्षाकृत हुन सकेको छैन भने केही स्थानीय तहमा सूचकको पूर्ण प्राप्ति नभइ लोकप्रियताका लागि मात्र घोषणा हुने जोखिम बढेको देखिन्छ।

- संविधानले आधारभूत र प्राथमिक शिक्षा सबैलाई उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरेको भए पनि विद्यालय भर्नामा समस्या, विद्यालय गएकै बालबालिकाहमा कक्षा छाड्ने समस्या चर्को रूपमा रहेको छ।
- कुपोषित, सडक बालबालिका, लागु औषधको कुलत, घरेलु तथा मानसिक यातना, मनोसामाजिक समस्या, बालविवाह, आत्महत्या, हिंसा, बलात्कार लगायत विभिन्न समस्याको सिकार भएका छन्। यसलाई अन्त्य गर्न थप मेहेनत गर्नुपर्ने अवस्था छ।
- भूकम्प, पहिरो, डुवान, कोभिड-१९ जस्ता महामारी लगायत प्राकृतिक प्रकोपबाट सबै भन्दा बढी बालबालिका पीडित छन्। यसै कारण बालमैत्री शासनलाई संस्थागत गर्दै लैजानु चुनौतिपूर्ण भए पनि अपरिहार्य देखिन्छ। यसको लागि नेपाल सरकार, विकासका साझेदार संस्था, नागरिक संघ-संगठन, राजनीतिक पार्टी, निजी क्षेत्र, शिक्षक, अभिभावक स्वयम् बालबालिका सञ्चारकर्मी, कानून व्यवसायी, बालक्लवका पूर्व सदस्य, महिला समूह, धार्मिक गुरुहरू लगायत सबैको महत्त्वपूर्ण भूमिका आवश्यक छ।

## १९ हालसम्म बाल मैत्री घोषणा भएका स्थानीय तहहरू

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणा मिति |
|---|---|---|---|---|---|
| १. | साविक प्रगतिनगर गाउँ विकास समिति | नवलपरासी | हाल देवचुली नगरपालिका | ५ | २०७० पौष ९ गते पहिलो बालमैत्री गाविस |
| २. | लुम्बिनी | नवलपरासी | सुनवल न.पा. | सबै वडा | २०७५ भाद्र ०३ |
| ३. | गण्डकी | नवलपरासी (ब.सु.पु) | देवचुली न.पा. | सबै वडा | २०७५ भाद्र २९ |
| ४. | कर्णाली | हुम्ला | सर्केघाट गाउँपालिका | वडा नं. १ | २०७४ फागुन |
| ५. | कर्णाली | कालिकोट | तिलागुफा न.पा. | ०२ | २०७४ मङसिर १८ |
| ६. | कर्णाली | कालिकोट | तिलागुफा न.पा. | ०४ | २०७५ मंसिर १८ |
| ७. | कर्णाली | दैलेख | आठबिसा न.पा. | ०४ | २०७४ पुस ०८ |
| ८. | कर्णाली | हुम्ला | सिमीकोट गाउँपालिका | वडा नं.४ | २०७३ चैत्र |
| ९. | गण्डकी | पर्वत | मोदी गा.पा. | ०८ | २०७४ माघ १५ |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणा मिति |
|---|---|---|---|---|---|
| १०. | २ | पर्सा | वीरगञ्ज म.न.पा. | ३१ | २०७४ फागुन |
| ११. | बागमती | चितवन | रत्न नगर न.पा. | ०३ | २०७५ जेठ २९ |
| १२. | बागमती | मकवानपुर | ईन्द्रसरोवर गा.पा. | ०४ | २०७५ जेठ २९ |
| १३. | बागमती | मकवानपुर | ईन्द्रसरोवर गा.पा. | ०५ | २०७५ जेठ २९ |
| १४. | १ | सुनसरी | धरान उ.म.न.पा. | १३ | २०७५ असार २६ |
| १५. | १ | सुनसरी | रामधुनी गा.पा. | ०२ | २०७५ असार २५ |
| १६. | १ | सुनसरी | धरान उ.म.न.पा. | १४ | २०७५ असार ३० |
| १७. | बागमती | काभ्रेपलाञ्चोक | पनौती न.पा. | १२ | २०७५ सावन २१ |
| १८. | बागमती | चितवन | रत्न नगर न.पा. | ०५ | २०७५ असोज ०४ |
| १९. | १ | सुनसरी | धरान उ.म.न.पा. | २० | २०७५ भाद्र २९ |
| २०. | २ | पर्सा | पर्सागढी न.पा. | ०२ | २०७५ भाद्र २९ |
| २१. | लुम्बिनी | कपिलवस्तु | शिवराज न.पा. | ०९ | २०७५ असोज ०३ |
| २२. | लुम्बिनी | रुपन्देही | शुद्धोधा गा.पा. | ०२ | २०७५ असोज १६ |
| २३. | १ | उदयपुर | त्रियुगा न.पा. | १५ | २०७५ असोज १७ |
| २४. | कर्णाली | कालिकोट | तिलागुफा न.पा. | ०१ | २०७५ कार्तिक १८ |
| २५. | कर्णाली | कालिकोट | तिलागुफा न.पा. | ०३ | २०७५ कार्तिक १८ |
| २६. | कर्णाली | दैलेख | गुँरास न.पा. | ०६ | २०७५ पौष १२ |
| २७. | सुदुरपश्चिम | अछाम | चौरपाटि गा.पा. | ०६ | २०७५ पौष २९ |
| २८. | बागमती | चितवन | रत्ननगर न.पा. | १५ | २०७६ बैशाख २७ |
| २९. | १ | सुनसरी | धरान उ.म.न.पा. | १२ | २०७६ जेठ १० |
| ३०. | बागमती | काभ्रेपलाञ्चोक | धुलिखेल न.पा. | १० | २०७६ जेठ २७ |
| ३१. | गण्डकी | पर्वत | पैंयुटार गा.पा. | ०७ | २०७६ असार ०९ |
| ३२. | बागमती | काभ्रेपलाञ्चोक | पनौती न.पा. | ०२ | २०७६ असार १४ |
| ३३. | बागमती | काभ्रेपलाञ्चोक | पनौती न.पा. | ३ | २०७६ असार १४ |
| ३४. | १ | सुनसरी | धरान उ.म.न.पा. | १८ | २०७६ असार २२ |
| ३५. | बागमती | चितवन | भरतपुर म.न.पा. | १४ | २०७६ असार २५ |

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणा मिति |
|---|---|---|---|---|---|
| ३६. | १ | सुनसरी | रामधुनी गा.पा. | ०५ | २०७६ असार ३० |
| ३७. | लुम्बिनी | प्युठान | स्वर्गद्धारी न.पा. | ०५ | २०७६ असार ३१ |
| ३८. | २ | सप्तरी | कञ्चनरुप न.पा. | सबै वडा | २०७६ भाद्र २० |
| ३९. | बागमती | दोलखा | भिमेश्वर न.पा. | सबै वडा | २०७६ भाद्र २९ |
| ४०. | गण्डकी | लमजुङ | क्व्होलो सोथार गा.पा. | ०१ | २०७६ भाद्र २९ |
| ४१. | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु न.पा. | ०९ | २०७६ कार्तिक ०८ |
| ४२. | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु न.पा. | १० | २०७६ कार्तिक ०८ |
| ४३. | लुम्बिनी | कपिलवस्तु | शिवराज न.पा. | १ | २०७६ कार्तिक २८ |
| ४४. | गण्डकी | नवलपरासी | गैंडाकोट न.पा. | ११ | २०७६ पौष ११ |
| ४५. | १ | मोरङ | ग्रामथाम गा.पा. | १ | २०७६ पौष २७ |
| ४६. | बागमती | मकवानपुर | मनोहरी गाउँपालिका | सबै वडा | २०७६ पौष २८ |
| ४७. | बागमती | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | १ | २०७६ माघ २५ |
| ४८. | बागमती | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका | ३, ४, ५, ६ र ७ | २०७६ फाल्गुन ०५ |
| ४९. | बागमती | चितवन | रत्ननगर नगरपालिका | १४ | २०७६ फाल्गुन ०६ |
| ५०. | तिलोत्तमा न.पा., भद्रपुर, धुलिखेल न.पा., गैडाकोट नगरपालिका, गोदावरी नगरपालिका, बिहादी गाउँपालिका, मोदी गाउँपालिका, सानोभेरी गाउँपालिका रुकुम पश्चिम, विराटनगर महानगरपालिका, कीर्तिपुर नगरपालिका, भिरकोट र टोखाले बाल मैत्री स्थानीय शासन घोषणा गर्ने प्रतिबद्धता | | | | २०७७ सम्म |

## सन्दर्भ सामाग्रीहरू

बालअधिकार सम्बन्धी महासन्धि, १९८९, संयुक्त राष्ट्र संघ ।

बालबालिका सम्बन्धी ऐन, २०७५, नेपाल सरकार ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

नेपालमा बालबालिकाको स्थिति, २०७३, नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति ।

बालश्रम (निषेध र नियमित) ऐन, २०५६, नेपाल सरकार ।

नेपालको संविधान, नेपाल सरकार ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार ।

बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, नेपाल सरकार ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४, नेपाल सरकार ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४, नेपाल सरकार ।

सुरक्षा परिषद्को १६१२ घोषणा, संयुक्त राष्ट्र संघ ।

दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, सन् २००२, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन ।

दिगो विकास लक्ष्य, सन् २०१५, संयुक्त राष्ट्र संघ ।

पन्ध्रौं राष्ट्रिय योजना, (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) राष्ट्रिय योजना आयोग, सिंहदरबार

## बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चका सदस्य संस्थाहरू

## बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको परिचय

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रवद्धन गर्न लागिपरेका बालक्लवकापूर्व सदस्यहरूको नेतृत्वमा सन् २०१७ मा स्थापना गरिएको राष्ट्रिय सञ्जाल हो। सातै वटा प्रदेशको प्रतिनिधित्व हुने गरी १५ वटा संस्थाहरू सदस्यता रहेको यस मञ्चको सचिवालय जागृति बाल तथा युवा सरोकार नेपालमा रहेको छ। यसले संघीय, प्रदेश सरकार, विकासका साझेदार संस्था नागरिक संघ संगठन र सरोकारवालाहरूसँगको समन्वय हरेक स्थानीय तहमा बालबालिकाको समेत अर्थपूर्ण सहभागितामा बालबालिका केन्द्रित विकास तथा लगानी योजनाको निमार्ण तथा कार्यन्वयनका साथ बालमैत्री अवधारणालाई प्रबर्द्धन गर्दछ।

हाल यसले बालमैत्री स्थानीय शासनको विषयमा सरोकारवालाको क्षमता अभिवृद्धि, सचेतना वृद्धि, अभियान, पैरवी, वकालत र सकारात्मक सिकाईका, प्रमाण माध्यमबाट अत्यधिक सीमान्तकृत र पिछडिएका बालबालिकाको बालमैत्री स्थानीय शासनमा मूलधार र समावेशीकरण सुनिश्चित गरी मुलुकमा बालमैत्री स्थानीय शासनको विषयलाई सुदृढीकरण गर्नका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था, विकासका साझेदारहरू सहित सबै सरोकारवालाहरूको समन्वय, सहयोग र साझेदारीमा काम गरिरहेको छ।

**बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च**

**Secretariat; Jagriti Child and Youth Convern Nepal (JCYCN)**

Lalitpur Metropolitan City-03, Nayabatom Sanepa, Nepal

**Phone:** +977 -1-5554717 | **Email :** ncflgfourm@gmail.com

**Web :** https://www.facebook.com/ncflgforum